These could well be outside floors as is suggested by the arrangement at right angle of the triangular tile floor in AVd. It still remains to be clarified what relationship exists between these floors (and each of them separately) and the second layer structures. With reference to the rectangular and triangular brick floor there is definitely a wall running E-W for a distance of about 10 m and made of 24/26x16x4.50 cm bricks. A trial trench dug in AVa has revealed the foundation of the wall itself, showing the fill (clay, a few brickbats, ashes, potsherds and two bull figurines) in which the first of the three floors was built at this point. (Drawing E)

Another wall was unearthed forming a right angle (Pl. V, fig. 14). It is made of bricks measuring 28x29x19/20x5 cm. It has been exposed in AQc and AQb over a length of about 10 m. and reaches a depth of 1.70m. A depth sondage dug in AQb revealed what seems to be its foundation pit and a three course row of bricks at the bottom. The section obtained through the sondage can be read as follows:

— clay
— clay mixed with debris from the rubble
— floor of pressed sherds ascribable to layer two (coccio pesto)
— layer of clay and sand
— comparatively coherent material from the collapsed structures; it has yielded also ceramic and fictile material together with brickbats
— clay layer
— sand and river pebbles.

The sections of AQc and AQb have been drawn in detail in Drawings F and G. A second trial trench dug in AQc (thus also situated south of the wall) displays basically similar stratigraphic features, although the foundation pit is less clearly visible (Drawing H).

The earliest structures of the site have been barely reached in AUd, where the bad

state of repair of the floors described above allowed an immediate test to be made. The heads of two walls running EW and SW were unearthed. It was on these walls and on the filled in spaces delimited by them that the floors described above were gradually built. The objective of the next excavation campaign will be to investigate this earlier layer.

At the present state of the work, no conclusions can be drawn and it is too early to deal even with dating problems. The stratigraphic data are still too incomplete and, although significant, the excavation finds are still not sufficient for a reliable date to be suggested.

The majority of the objects made of terracotta, stone and other materials come from the second layer, and thus coming from among the collapsed structures, it cannot be ascribed with certainly to any particular building. Furthermore, a number of ancient objects have been used improperly until much more recent times. One typical example is that of the polished stone axe (Inv. No. HSN 17) found among the collapsed bricks in AVa, near the floor. This finely crafted axe is of the type used in protohistorical times, and other specimens have occasionally been found in the Kathmandu Valley. Even today these objects are popularly considered vajra-stone. Obviously the protohistorical axe cannot be used to date the wall or the floor near which it was found.

The material found in the rubble of layer two includes several plaques and terracotta figurines, an example of which is the head of Bhairava shown here (Inv. No. HSN 8) and a plaque with Ganesa on it (Inv. No. HSN 5) (Pl. V, figs. 15 and 16). Stylistic comparison with known items will provide us with useful indications concerning this type of material. In this sense it would be possible to use also several fragments of grey stones, i. e. a piece in which a Garuda in anjalimudra can be recognized (Inv. no. HSN 1) (Pl. VI, fig. 17), a fragment of a tunic (Inv. No. HSN 2) and that of the lower limb of a figure. Unfortunately only a portion of the tunic forming an oval-shaped curve along the basin and the geometric decoration-three parallel horizontal lines-of the material has been preserved (Pl. VI, fig. 18). Also worthy of mention is the presence of a bird-shaped rattle (Inv. No. HSN 14) recalling those found in the Ganges Valley excavations, e. g. at Rajghat[9] and Mathura[10]. Similar bird-shaped figurines were used also as toys, although in this case the holes were arranged so as to house a wheel axle[11].

It is worth repeating that this material was not found *in si'u*, but among the rubble, mostly consisting of large quantities of common pottery and bricks from the collapsed walls, and can be ascribed with certainty to the large settlement mentioned above.

The pottery fragments include one very interesting specimen (Inv. No. HSN 3) (Pl. VI. fig. 19). This consists of a vase fragment found at the base of the rubble near the floor in AVa, which bears an impressed medallion divided into two parts. On the upper part is a *purnakalasa* while the lower portion bears 4 characters paleographically determinable as late-Licchavi.

Of special interest is Inv. No. HSN 10 (Pl. VI, fig. 20) , found among the brickbats forming the lower collapse documented in the trial trench in AQb. It consists of a terracotta fragment of architectural decoration depicting a standing female figure, unfortunately headless and with the lower part of the legs missing.

The wide hips and the *tribhanga* pose suggest possible comparisons with ancient Indian models, which continued to be followed for many centuries. The type of clay used (yellowish in colour and containing large amounts of mica) support the hypothesis that it was produced locally.

Excavation campaigns carried out in future years will provide fresh data with which to reconstruct the cultural and religious life carried on in the site and allow it to be dated.

Notes

1. M. Shepeherd Slusser–G. Vajracharya: *Some Nepalese Stone Sculptures: A Reappraisal within their cultural and historical context*, Artibus Asiae, vol. XXXV, 1/2, 1973, pp 79–138 and pp. 131–132 in particular.
2. The piece referred to by Slusser and Vajracharya belongs to the 6th cent. (op. cit. p. 132), while P. Pal (*Vaisnava Iconology in Nepal: A Study in Art and Religion*, Calcutta 1970; and ID: *The Arts of Nepal*, I, Leiden 1974) and L. S. Bangdel: *The early Sculptures of Nepal*, Kathmandu 1981, Pl. 36, propose the 7th century.
3. See R. Gnoli: *Nepalese Inscriptions in Gupta Characters*, Roma 1956, Inscription n. 5, p. 8.
4. No report has been published on this excavation.
5. DHV 6 recalls the *dantamayamakaramukhamahapranala* of the Sarnath Museum (cf. V. S. Agrawala: *The Deeds of Harsha*, Varanasi, 1969, p. 20).
6. See the illustrated example from Rajghat in A. K. Narain and P. Singh: *Excavations at Rajghat*, Part III, Varanasi, 1977, pl. XV B.
7. R. Gnoli: op. cit., iscr. no, XI, p. 14; no. XXXV, p. XXXVI, p. 50
8. L. S. Bangdel, op. cit. Pls. 1–3, 11–12, 15–16, 47, 59, 76, 97, 117, 119–121, 127, 145.
9. Cf. A. R. Narain and P. Singh, op.cit., p. 68 and Pl. XVII B.
10. Cf. *Indian Archaeology*, 1973, Pl. XLV
11. Cf. A. S. Altekar and V. Mishra: *Report on Kumrahar Excavations 1951–55*, Patna, 1955, pp. 122–23 and Pl. LVII.



Dhumvarahi. General plan of excavation.



DRAWING B

Dhumvarahi. Section from Trench ACd and WCc

SECTION IN WMb

~ DHUMVARAHI ~

ITALIAN ARCHAEOLOGICAL MISSION

NEPAL 1984



1 - ARCHAEOLOGICAL LAYER
1a - EARTH
b - SANDY SOIL
c - EARTH AND SAND
d - SANDY SOIL
e - EARTH AND SAND
f - SANDY SOIL
g - CLAY
h - CLAY AND SAND
i - SAND WITH CLAYEY-FERROUS STRIAE
l - DARK COLOR SAND
m - CLAY WITH SANDY-FERROUS STRIAE
n - DARK COLOR SAND WITH CLAYEY LENS
o - LIGHT COLOR SAND
p - SAND WITH FERROUS INTRUSIONS
q - DARK COLOR SAND
r - SAND AND CLAY
s - SAND WITH FERROUS INTRUSIONS
t - LIGHT COLOR SAND
u - SAND WITH FERROUS INTRUSIONS

SCALE 1:20

MARTORE FRANCESCO

DRAWING C

Dhumvarahi. Section in WMb



HADIGAU
ITALIAN ARCHAEOLOGICAL MISSION
NEPAL 1984
SCALE 1:20
DRAWING BY FRANCESCO MARIRE

DRAWING D



DRAWING E

Hadigau. Trial trenches in AQc, AQb, AVd, and AVa

~HĀDIGĀU~
ITALIAN ARCHAEOLOGICAL MISSION
NEPAL 1984

SECTION IN AQ6



SCALE 1/20
MARTORE FRANCESCO

DRAWING F

Hadigau. Section in Trench AQb



DRAWING G

Hadigau. Section in Trench AQb



Hadigau. Section, in Trench A



Fig. 1–*Dhumvarahi, Mound in Trench WCd and WCc*
(Photo IsMEO Dep CS Neg R 15345/12)

Fig. 2– *Dhumvarahi. Mound in Trench WCd and WCc, showing a worship platform*
(Photo IsMEO Dep CS Neg L 15362/31)



Fig. 3– *Dhumvarahi. Jars in Trench WRa*
(Photo IsMEO Dep CS Neg L 15362/18)



Fig. 4– *Dhumvarahi. Jars and Pit in Trench WFa*
(Photo IsMEO Dep CS Neg L 15492/20)

Fig. 5– *Dhumvarahi. Wall and unearthed jars in Trench WFb.*
(Photo IsMEO Dep CS Neg L 15361/7)



Fig. 6– *Dhumvarahi. Pit in Trench WFa*
(Photo IsMEO Dep CS Neg R 15345/4)



Fig. 7– *Dhumvarahi. Pit in Trench WMb*
(Photo IsMEO Dep CS Neg L 15362/24)

Fig. 8–*Dhumvarahi. Inv. No. DHV 6 from Trench WGa*
(Photo IsMEO Dep CS Neg L. 15488/14)



Fig. 9– *Hadigau. General View of excavations in 1984*
(Photo IsMEO Dep CS Neg L 15490/36)



Fig. 10– *Hadigau. Structures of first layer and collapsed structures of Second layer trench ATb*
(Photo IsMEO Dep CS Neg L 15366/6)

Fig.–11– *Hadigau. View of excavations showing a floor of second layer.*
(Photo IsMEO Dep CS Neg L 15490/37)

Fig. 12– *Hadigau. Second floor in Trench AVa*
(Photo IsMEO Dep CS Neg L 15366/19)

Fig. 13- *Hadigau. Second and third floor in Trench AVd*
(Photo IsMEO Dep CS Neg R 15343/11)



Fig. 14- *Hadigau. Wall in Trench AQb*
(Photo IsMEO Dep CS Neg R 15343/9)

Fig. 15- *Hadigau. Inv. No. HSN 8 from Trench AVa showing a head of Bhairava.*
(Photo IsMEO Dep CS Neg L 15491/45)

Fig. 16- *Hadigau. Inv. No. HSN 5 from Trench AQb showing a terracotta plaque representing Ganesa.*
(Photo IsMEO Dep CS Neg L 15491/1)



Fig. 17– *Hadigau. Inv. No. HSN 1 from Trench AVc showiug Garuda*
(Photo IsMEO Dep CS Neg L 15489/10)



Fig. 18– *Hadiguu. Stone fragment of a figurine from Trench AVa.*
(Photo IsMEO Dep CS Neg L 15488/1)

Fig. 19– *Hadigau. Inv. No. HSN. 3 from Trench AVa showing a sherd with stamped medallion.*
(Photo IsMEO Dep CS Neg L 15489/12



Fig. 20– *Hadigau. Inv. No. HSN 10 from trial pit in Trench AQb showing a terracotta fragment with female image*
(Photo IsMEO Dep. CS Neg L 15491/0A)

Report on the Monuments of Northern Nepal

(continued)

Corneille Jest

Monuments of Nuwakot District

Temple of Bumthang (S. I. Bungtang)

The temple is built above the village inhabited by Tamangs at an altitude of 1700 m.

The walls are of stone, with a slate roof.

The plan is rectangular, two posts support the inner structure. A porch on the southern side gives access to the chapel.

On the altar clay images of Shabdrung Ngawang Namgyal, Guru Dragpo, Sakyamuni, Guru Rinpoche, Senge Dongma and Tsepame.

The temple was built in 1944.

A lama of the Plenden clan is the caretaker.

Temples of Salme (S. I. Salme) (Ta. Sang-Gam)

There are two temples in Salme.

The village temple (Dimdung clan)

The building (ext. dim. : 7, 10 x 8,00 m) is a simple construction with a chapel (6,00 m x 4,80 m) and a porch open to the South-East.

The temple was built in 1970.

Five generations ago the temple of the Dimdung clan was built against a cliff at Us or Kus Gombo at an altitude of 2300 m. The site was abandoned and the temple is now located in the Dimdung Khor.

Religious festivals

Full moon of Bhadau.

1st day of Magh (Magh Sankranti)– festival of *Tsechu*

Full moon of Bhadau

10th day of Dasai.

The temple of Belche

This temple is built on a terrace at 2100 m.

On a rectangular plan, the entrance porch faces East. Two posts support the ceiling. The

walls are bare and the building contains no decoration.

Temple of Kaule (S. I. Kaule)

The temple of Kaule dominates the settlement of Kaule (alt. 1900 m).

The temple has a rectangular plan (exter. dim. 5,00 m x 7,00 m). The roof is pitched and of simple construction. The entrance porch faces South.

On the altar a statue of Guru Rinpoche. A group of eight *chorten* has been built at the east of the temple.

Near a small oak forest a stream has been diverted into tank around which shrines to Mahadev have been built (the place is called Kipsang).

The main Hindu festival is held in Kartik Ekadashi.

Temple of Balche (S. I. Bhalche)

The temple of Balche is located above the village at an altitude of 2000 m.

On the altar images of Shabdrung Ngawang Namgyal, Chenresi, Guru Rinpoche, Sakya Tubpa.

Festivals

Full moon of Bhadau (*Teschu*)
Full moon of Phagun (*Mane*)

Lama Nub Dorje is the caretaker.

(To be continued)

NEPAL

(Continued)

Sylvain Levi

Monday evening 31st January–The Commander-in-chief has sent me this morning precise informations on the inscriptions he desires me to study. It concerns really in fact the inscription on the wall of the Darbar by the food pedant Pratapa Malla, collector of alphabets. I then proceeded to town, but the inscription is so enormous (it covers 4 metres of wall space) that I gave up the idea of taking a stamping, the stamping paper being here scarce and very costly. All that is not an indigenous produce undergoes an enormous rise in price, because the transport of bearers back from Segowlie to here is paid at the rate of 3 rupees for 25 kilograms. This time at seing me photograph the mysterious inscription, the crowd rushed, expecting the appearance of the treasure. The most amusing part of it was that the soldiers of the Darbar, equally convinced by the hidden meaning of the inscription began pushing back the crowd with blows from their fists as if it was bank of thieves. The end of the day besides reserved for me a more living commentary of the scene. I spent two hours at the Library of the Darbar School and I was shown the provisional catalogue of the Tantra section. Certainly such a rich collection will not be found anywhere else in India; more than 500 numbers and half of them are unknown to me. When the turn of Tantric studies comes round it will be necessary to have recourse Nepal. I was returning on my pony at a center when I hear a cyclone blowing behind me. A wave of dust is raised by about a hundred ruddians running who trace the arc of a circle, pushing back violently the unfortunate passers-by. I can see and hear blows from fists and shouts. Nepal is getting civilized, she knows how to use her police. A vehicle surrounded by a mounted bodyguard passes and behind this another human wave. It is the commander-in-chief, provisionally, Maharajah who is out on a promenade. I draw myself up to greet him. He sends me a "good evening" and invites me to caracole near his vehicle. The troop of sbirros opens out not without mistrust. Where on earth could such beautiful collection of human beasts have been gathered ? In this charming country the Maharajah gives an audience to his brothers only when he is surrounded by guards holding naked swords in

their hands. This nice little Deb Sham Sher in company with his two elders, killed with his little hand his old uncle who was wrong in showing an excessive good-will in favour of the sons of Sir Jang Bahadur. Then the small hand without the least scrupule slays as much as it can the too numerous posterity left by the same Jang. And the eldest of the Sham Sher has attributed himself the office of Maharajah and the remainder of Sham Sher (they are about fifteen brothers in all)have distributed among themselves by rank of progeny all the high employments. Khadga Sham Sher, the second of the family seemed disposed to promote himself. The stroke was soon carried. Khadga who was the Commander-in-chief comes to the palace of the Maharajah to submit his report; four men throw themselves on him, take him by writs and the Maharajah announces to his younger brother that by an overflow of affection he creats him governor of Tansen, the district West of Nepal. Here we find a nice variation of the famous scene: Hear you, be then marquis of Castellance, etc. A palanquin is all ready; will you give yourself the trouble ? And my wives ? And my children ?-They will be looked after. And under a strong escort, through mountain necks and dililes, they lead the Governor of Palpa in spite of himself. The caravan of spouses with the little Sham Sher followed after a few days. And the day will come on the morrow, in a month, in a year, when another little hand will slay unerringly the Maharajah but this will only mean a change of ministry. The poor Dhiraj as they call him here, the Maharajadhiraja in whose name everything takes place, lives closely cloistered in his palace with women and flowers, without any other distraction than to change from one pavilion painted in blue to dwell in another painted in yellow-sacred marionette always ready to make gestures without asking who pulls the string.

Then we skirt the tank of Rani Pokhari, vast stretch of rectangular water that Jang Bahadur has had surrounded with an ugly white wall; a rather narrow foot-bridge leads to a small pavilion erected in the middle of the water. The spot is safe, sentinels guard the whole wall. "We shall be better able to talk if we alight at your Excellency's disposal" I replied carefully to be polite without lowering myself I take care to alight at the very moment he alights and side by side we converse on the narrow causeway". Have you seen the fish of this tank ? You have not ? You will see them. Dry grass-hoppers are brought and it is the tank of Fontainebleau. He enquires for news of the inscription and of my researches. A tomb was discovered at Kapilvastu containing a few scraps of gold. -Ah congratulations--I am very much afraid that if nothing serious will be found. Do you believe that this gold has a great value ? Wait. Kapilvastu was a city of temples. Pilgrims from all over Asia came thither. Then do you believe that a treasure could be found. I replied to him that the real treasure is the inscriptions; it is that which connects man to his past and expresses to him his present. A people without history is a tree without roots. Kings have their genealogy, of humanity. These considerations developed in an English which enthusiasm makes elequent, impress the small Gurkha who requests me to come and speak to him in the palace tomorrow afternoon. We shall attempt to awaken him.

(To be continued)

जंगबहादुरप्रति दगा र गोठू बस्नेतको अवज्ञा

—ज्ञानमणि नेपाल

वि. सं. १८०३ मा कोतपर्वपछि नेपालको राज्य सत्तामा जङ्गबहादुरको उदय भयो। यो कोतपर्व नेपालको इतिहासमा एक युगान्तकारी घटना थियो। यसले पुराना सबै भारदारलाई समाप्त पारेर एकवंशी एकतन्त्री शासनको उदय गरायो। कोतपर्वको पूर्वपीठिका योभन्दा ४०।५० वर्ष पहिलेदेखि बस्तँ आएको थियो। कोतपर्वको ठीक ४० वर्ष पहिले घटेको रणबहादुर शाहको वध र उनको सो वधको अभियोग लाएर भीमसेन थापाले गरेको भण्डारखालको पहिलो सामूहिक हत्याकाण्ड पनि कोतपर्वभन्दा कम भयङ्कर थिएन। पहिलो भण्डारखालको सामूहिक हत्याकाण्डले भीमसेन थापाको जहानियाँ शासनको उदय गरेको थियो भने कोतको निर्मम हत्याकाण्डले राणाहरूको जहानियाँ शासनको उदय गरायो। भीमसेन थापाले ३१ वर्ष एकटङ्कारसंग आफ्नो एकलौटी शासन चलाएपनि राजा राजेन्द्रविक्रम शाह सचेत भएपछि उनको जहानियाँ शासनको अन्त्य भयो र पुरानै परिपाटीको अरू भारदार सम्मिलित भएको मन्त्रिपरिषद्को हातमा अधिकार आएको थियो। जङ्गबहादुरले आफ्ना मावली थापा खलकको पतनपछि सबक सिकेर राजाको सबै अधिकार आफ्नो हात पारेर पुनः सत्ता अरूमा जान नदिने पूर्ण व्यवस्था गरेकाले १०४ वर्षसम्म राणावंशकै हातमा अधिकार सीमित गराउन सफलता पाए। बरू आपसमै राणावंशमा काटाकाट हानाथाप परेपनि अरू भारदारले टाउको उठाउनचाहिं ठाम्रै नपाउने भए। द्रव्य शाहका पालादेखि छ थरीहरूले दरबार थाम्दै आएको परंपरालाई केही मात्रामा भीमसेन थापाले १८६३ मा तोडेका थिए भने १९०३ मा जङ्गबहादुरले सम्पूर्ण मात्रामा तोड्न सकेका थिए। जङ्गबहादुर सर्वशक्तिमान् बनेपछि पनि संघर्ष र सत्ताका लागि कलह काटाकाट र हानाहान नभएका होइनन्, आपसमै राणाहरूले पनि यो रोगबाट मुक्ति पाउन सकेका थिएनन्। तर यहाँ जङ्गबहादुर शक्तिसम्पन्न भएपछि उनका प्रति भएका केही २,४ वटा दगा र अवज्ञाका बारेमा तात्कालिक प्रमाणसाथ संक्षेपमा प्रकाश पार्ने उद्देश्यले यो लेख प्रस्तुत गर्न लागेको छु।

वि. सं. १९०३ आश्विनकृष्णनवमी (भाद्र ३१ गते) बेलुका राति गगनसिंह खवासलाई पूजाकोठामा बसेका बेला अकस्मात् लाल झा नामक व्यक्तिले झ्यालबाट गोली ठोकेर मारिदियो। यिनी कान्छी बडामहारानी राज्यलक्ष्मी देवीका परमहितैषी थिए। जेठी बडामहारानी साम्राज्यलक्ष्मी देवीपट्टिका छोरा सुरेन्द्रविक्रम शाहको वैध अधिकार खोसेर आफ्ना छोरा रणेन्द्रविक्रम शाहलाई राजा बनाउन तम्सेकी राज्यलक्ष्मी देवीको अनुकूल बन्न उनको काम पटाउन पनि यिनी दत्तचित्त थिए। राज्य शासनको अधिकार पाएकी रानीको अनुकूल बनेका गगन

सिंहको चार काजीमा सबैभन्दा ठूलो धाक रवाफ थियो। यो कुरा राजा राजेन्द्रविक्रम शाहलाई र अरू काजी भारदारलाई पनि मन पर्दो थिएन । यसो हुँदा उनको उपांशुवध गरिएको थियो र रानीले यसलाई आफैंप्रति भएको षड्यन्त्र संझेकी थिइन् । अनि उनी गगनसिंह-लाई मार्ने षड्यन्त्रमा सम्मिलित सबैलाई दण्ड दिन र आफ्नो कार्यसिध्द गर्न चाहन्थिन् । चतुर जङ्गबहादुर अवसरको अनुकूल फाइदा उठाउन चुकेनन् । रानीको अनुकूल बन्ने र षडयन्त्रकारीलाई संहार गर्ने बहानाले कोत-पर्व को पटाङ्गिनीमा सारा भाइभारदारलाई पसारेर राता रात नेपालको जङ्गी निजामती अधिकार पाएर सर्वशक्तिमान् मुखियार बन्न समर्थ भए । तर यस हत्याकाण्डपछि राजाको पक्षको हनन मात्रै भएन, स्वयं रानीको काम पनि पटेन। जङ्गबहादुर कान्छी रानी राज्यलक्ष्मीको उद्देश्य पूरा गर्न पनि लागेनन् । अनि त तत्काल उनी पनि रानीका आँखाका काँढा बन्न पुगे । रानीकै सहानुभूतिले राजाका पक्षका सबै भारदारहरूलाई सखाप पार्न र नेपालको हालीमुहाली लिन पनि जङ्गबहादुर सफल बनेका थिए भने अब उल्टै राजेन्द्रविक्रम शाह र सुरेन्द्रविक्रम शाहको पक्ष लिएर रानीको तेजोबध गर्न लागे । धर्मले नीतिले नदिएको अवैध काम गरेर महारानीको इच्छा पुऱ्याउन जङ्गबहादुर-ले चाहेनन् । चाहेर पनि त्यस्तो काम गर्न उनी सक्तैनथे पनि । अब जङ्गबहादुरले प्रत्याख्यान गरिएकी महारानी गोली लागेकी बघिनी जस्ती भएर पुनः जङ्गबहादुरको वध गर्ने उद्योगमा लागिन् । कोतपर्वको हत्याकाण्डबाट बचेका र भागेर पनि शेष रहेका भारदारहरूको संगठन गरी जङ्गबहादुरलाई मार्ने उद्योग गरिन् । अब जङ्ग-बहादुर कमजोर थिएनन्, कोशदण्डको बल उनका हात परिसकेको थियो, उनको चाकडीवापत्सी गर्ने चर-हरूको ओइरो थियो । रानीको क्रियाकलापबाट उनी अनभिज्ञ रहेका थिएनन् । कोतपर्वको ४८ दिनपछि सं. १९०३ कार्तिक शुदि १२ मा उनलाई भण्डारखालमा बोला-एर मार्ने गोप्य सल्लाह भएको कुराको सुइँको पाएर उनले त्यहीं आई उल्टै सबै भारदारलाई गोली ठोकेर मारिदिए। वीरध्वज बस्नेत, दलमर्दन थापा, वीरकेशर बस्नेत आदि १२ जना मानिस एकै ठाउँमा मारिए । रणभद्र बस्नेत, समरजित बस्नेत, गोठू बस्नेत, रणवीर राना, वजिरसिंह थापा आदि १०।१२ जनाले भागेर ज्यान जोगाए । यही काण्ड भण्डारखाल पर्वका नामले प्रसिद्ध भयो ।

भण्डारखालपछि महारानी राज्यलक्ष्मी देवी प्वाँख उखेलिएकी चरी जस्ती भइन् । अब उनका पक्षको भर गर्ने कोही भारदार शेष रहेका थिएनन् । जङ्गबहादुर नजाने कुन दिन उनलाई कहाँ कुनामा पुऱ्याएर नजरबन्द गर्ने हुन्, यो दहशतले उनलाई अब दरबारमा बस्न पनि खतराको आभास हुन लाग्यो। राजा राजेन्द्रविक्रम शाहको विना बुझै कोतपर्वमा त्यत्रा भाइभारदारलाई मार्न लगाएर अधिकारमा पुऱ्याइएका वेला त उनले सुरेन्द्र-विक्रम शाहलाई हटाएर आफ्ना छोरालाई गद्दी दिलाउने कार्य गर्न साफै इन्कार गरिदिए भने भण्डारखाल पर्व पछि त उल्टै रानीलाई र उनका छोरालाई पन्साउने पो उद्योग गर्न लागेका थिए । यसरी बँधेरिएर बस्नुभन्दा आफैं सुटुक्क निस्केर बाहिर काशी जान पाए बरू कोतबाट र भण्डारखालबाट भागेर बचेका भाइभारदार पनि सहायक हुन्छन्, आफूपनि आफूखुशी खेल्न, चल्न, बस्न पाइन्छ भनेर महारानी राज्यलक्ष्मी काशी जान तत्पर भइन् । दैवसंयोग जङ्गबहादुरका पनि दिन खुलेका रानीका उलामालामा लागेर राजा राजेन्द्रविक्रम शाह पनि काशी जान तत्पर भए । जङ्गबहादुरलाई पनि "के खोज्छस् काना आँखा" भने जस्तै भयो । राजारानीलाई काशी पठाउने पूर्ण प्रबन्ध जङ्गबहादुरले पनि गरिदिए । आफू काशीबाट फर्केर नआउन्जेल राजसिंहासनमा बसी राज गर्नू भन्ने लालमोहर सुरेन्द्रविक्रम शाहका नाउँमा गरिदिएर राजेन्द्रविक्रम काशीतिर लागे । जङ्गबहादुरले सदलबल गरी आफ्ना मानिस साथलाई विदा गरे । जङ्गबहादुरले रानीलाई बस्ने ठाउँ सोच्न लागे, खोज्न थाले रोजाए पनि । तर उनी काशी जान नै पहिले त राजू रहिन्, हिंडेपछि दोमन भयो, आखिर विस्तारै काशी पुगिन् । राजालाई त जङ्गबहादुरले एकवेर त नजानू पनि भनेका थिए । तर काशीतीर्थ गरेरै आउँछु भनेर उनी पनि काशी नै पुगे ।

बाटैदेखि नेपालका गद्दीनसीन राजारानी आउँदा कम्पनीका अधिकारीहरूले स्वागत सत्कारै गरे। अरू भागेका उहाँ बसेका नेपालका भाइभारदारहरू पनि जम्मा भएर जङ्गबहादुरको पूर्ण विरोध गरेर राजा-रानीलाई उचाल्न लागिहाले। त्यसबेला मुगलानमा बसे-का भाइभारदारमा चौ. फत्तेजङ्ग शाहका भाइ, चौ. गुप्तप्रसाद शाह, काजी दामोदर पाँडेका नाति रणजङ्गका भतिजा, काजी जगतबम पाँडे, माथबर सिंह थापाका छोरा रणउज्वल सिंह थापा र रणशेर शाह, बजिरसिंह, रणवीर राना, रणभद्र, समरजित बस्नेत, गोठू बस्नेत, दलबहादुर थापा आदि प्रसिद्ध थिए।

नेपाल दरबारबाट हिंडेदेखि नै राजारानीको दैनिक गतिविधिकै खबर जङ्गबहादुर आफ्ना मानिसबाट प्रायः प्राप्त गर्दै थिए। स्वयं राजेन्द्रविक्रम शाह राज्य-लक्ष्मी देवीसंग पनि जङ्गबहादुरको लेखापढी बराबर चलिरहेको थियो। यी चिठी पत्रमा कहिले दगलफसलका कुरा पर्थे भने कहिले मेलमिलापका। यस्तै हुँदै गएपनि अब जङ्गबहादुर विना कुनै सकस नपरी पाएको राज्या-धिकार छाड्दैनन् भन्ने कुराचाहिं राजेन्द्रविक्रम शाहले पूर्ण बुझिसकेका थिए। त्यत्रो त्यत्रो नरसंहार गर्न पनि नदच्कने नहच्कने जङ्गबहादुरले अब हामीलाई पनि बाँकी राख्दैनन्, बाहिर गएर यसलाई सिध्याउन सकिन्छ कि भन्ने झिनो आशा लिएर राजेन्द्रविक्रम काशीतर्फ प्रस्थान गरेका थिए। काशीबाट अघि रणबहादुर शाह फर्के झैं फर्केर आई जङ्गबहादुरलाई सखाप पार्न सक्छु भन्ने हिम्मत पनि उनका हृदयमा थियो। यसै भनेर अरू पनि सुत्याउँथे। तर जेठी महारानीका जेठा छोरालाई धपाएर आफ्ना छोरालाई राजगद्दी दिन कसिएकी रानीका पछि लागेर जाँदा राजा राजेन्द्रविक्रम शाह स्वयं सुरेन्द्रविक्रम शाहकै पनि आँखाका कसिङ्गर बनिसकेका थिए। अरू जनता र राजकर्मचारी सिपाही समेतको पनि समर्थन पाउन सकेनन्। यसै हुँदा उनका सबै काम असफल हुँदै गए। यस बीचमा घटेका वाद-विवाद हानाथापका सबै कुराको लेखाजोखा गर्नु पनि यो सानो लेखमा संभव नहुने हुँदा एक दुई घटनाको चर्चामै सीमित राख्नु परेको छ।

राजा राजेन्द्रविक्रम शाह, कान्छी रानी राज्य-लक्ष्मी देवी, उनका दुई भाइ छोरा रणेन्द्रविक्रम शाह र वीरेन्द्र विक्रम शाह समेत सबै काशी पुगेर बसे। सबै खर्चको र सुरक्षाको बन्दोबस्त पनि जङ्गबहादुरले मिलाइ-दिएका थिए। तर यहाँबाट पठाएको खर्चले भ्याएन। फागुनसम्म काशी बस्दा १ लाख रूपैयाँ महाजनको ऋण लागेको थियो। यो ऋण जङ्गबहादुरकै आज्ञाले हीरालाल झाले काढेका थिए। दुवै छोरा सहितकी कान्छी महारानी-लाई राजेन्द्रविक्रमले काशीमै छाडेर आफू यता फर्कने बन्दोबस्त गरे।

राजारानीको मुकाम काशीको असीघाटमा थियो। सं. १९०३ माघ पूर्णिमाका दिन असीबाट रङ्गेल-दासको तलाउनेर डेरा सारियो। २४ दिन त्यहाँ मुकाम भएपछि फागुन शुदि ४ मा त्यहाँबाट सरेर फागुन शुदि ८ मा हिंडी चौबेपुर आई १३ दिन बसे। त्यहाँबाट आई गाजीपुरमा ६।७ दिन रहे। अनि गोविन्दगञ्ज आई ९।१० दिन बसी सुगौलीमा आए।

जङ्गबहादुर महारानीलाई अंग्रेजको मुलुक मु-गलानमा राख्न चाहँदैनथे। तीन शहर बाहेक जहाँ बसे पनि खानादानाको बन्दोबस्त गरी राखिदिने कुरामा राजी थिए। सुरेन्द्रविक्रम शाह, उपेन्द्रविक्रम शाह पनि कान्छी आमालाई छाडेर काठमाडौं आई बाबु छोरा मिलेर बस्ने कुरामा नै सहमत थिए। राज्यलक्ष्मीलाई भरसक पुरानो राजधानी गोरखामा नभए पनि कर्णौलमा जग्गा जमीन घरद्वार व्यवस्था मिलाएर राखेपछि ढुक्क भएर काठमाडौं आउने कुरा राजेन्द्रविक्रम शाहको थियो। राजा राजेन्द्रविक्रम शाह मुगलानमा छउञ्जेल जङ्गबहादुर राती निद न दिन भोक भएका थिए। सुरेन्द्र-विक्रम पनि निश्चिन्त थिएनन्। कान्छी महारानी दुई छोरा साथ गद्दीनसीन राजा उतै हुँदा र अरू कोत र भण्डारखाल पर्वबाट ज्यान जोगाएर भागेका भारदार-हरूका मद्दतले केही गडबड अवश्यै गर्ने संभावना रहिरहे-को थियो। यस्तो स्थितिमा अंग्रेजहरू पनि कान ठड्या-एर नेपालतर्फ दृष्टि दिइरहेकै थिए। बलाबल विचार

गर्दै थिए । यस्तो अवस्थामा राजा राजेन्द्रविक्रम शाह जति सक्यो उति चाँडै आफूमात्रै नेपाल फर्केर आउन्, भरसक कान्छी आमा साथ लिएर नआउन् भन्ने कुरा नै सुरेन्द्रविक्रम शाह पनि चाहन्थे । जङ्गबहादुर पनि यसै कुरामा जोड लाइराखेका थिए । तर राजेन्द्रविक्रम शाह किन हो अरूका कुरा सुनेर नेपाल आउन ढिलढाल गरिरहेकै थिए र कान्छी महारानीको बस्ने वरबन्दोवस्त मिलाएपछि म्यानाको डाक गरी एकै दिनमा सुगौलीबाट चिसापानी उत्रने कुरा गरेर बसेका थिए । औलोमा गर्मीमा त्यहाँ बस्नु उचित छैन भनेर यताबाट तारैतार हुँदा पनि उनी चाँडो आउने कुरातिर लागेनन् ।

भण्डारखाल पर्वपछि राजेन्द्रविक्रम आफ्ना कान्छी महारानीका परिवार सहित काशीतर्फ लागेपछि यहाँ जङ्गबहादुरका विरोधमा बराबर आवाज उठिरह्यो। कति उताबाट जङ्गबहादुरलाई दगा गर्ने मनसुवाले मानिस पनि आइरहे । तर ती कुनै पनि सफल हुन सकेनन् । जङ्गबहादुरको आग्रह – अनुरूप सुरेन्द्रविक्रम शाहबाट कठोर दण्ड पाइरहे । जङ्गबहादुरको कडा शासनमा उनका विरूद्धमा चल्ने सबैजना बत्तीमा पुतली झैं परेर बिलाएर गए । तिनको संक्षेपमा यहाँ चर्चा गर्नु प्रासङ्गिक नै हुन आउने छ ।

कोतपर्वको जड कारण गगनसिंहको बध थियो । गगनसिंहको वध एक लाल झा सवारी नामक व्यक्तिद्वारा गराइएको थियो र ऊ मुगलान पसेर बचेको थियो । अब पुनः ठूलो प्रलोभनमा पारी उही लाल झालाई लौहाको वैरी लौहै ठानी सिद्ध कहलिएका दत्तू पाध्या नामक बाहुन साथलाई जङ्गबहादुरलाई मार्न पठाइयो । यसमा मुख्य कारणी चौ. गुरुप्रसाद शाह र काजी जगतवम पाँडे नै थिए । उनकै सल्लाहले आएका थिए। तर काठमाडौं आइपुगेपछि दुवै जना पक्राउमा परे । लाल झालाई कुम्भेदानी दिई फकाई फुल्याई सबै अघिको अहिलेको कुरो बकाइयो । पोलिएका जति पक्रिए । बाहुन हुँदा सर्वस्व गरी कैदमा राखिए । लाल झा इयालखाना परेको ३।४ दिनपछि नै परलोक भयो । यी सबैको बयान मुचुल्का राजेन्द्रविक्रमकहाँ पठाइयो । उहाँ गुरुप्रसाद शाह र जगतवम पाँडेसंग यस विषयमा छलफल हुँदा उनीहरूले जङ्गबहादुरले पनि हामी (गुरुप्रसाद र जगतवम पाँडे) लाई मारेर आफ्नो भनी नेपालबाट काशी पठाएका दुई जना मानिस खडा गरे । राजेन्द्रविक्रमकै समक्ष यी दुई जनाको बयान भयो र कायलनामा लेखाई जङ्गबहादुरकहाँ काठमाडौं पनि पठाइयो ।

यता काजी हेमदल थापाको भाइले पनि जङ्गबहादुरलाई दगाको उद्योग गर्न लागे । सो अभियोगमा उनको पनि नाक काटेर सजाय गरियो तथा दधिरामको दुई संगी सिपाही पनि विरोधीको शङ्काले थुनामा परे। गञ्जसिंह राउत पनि यसै काण्डमा दण्डित भए ।

चौ. गुरुप्रसाद शाह भागी जाँदा साथ जाने सेवक राम थापा उपरदाङ्गडीको बाटो काठमाडौं आएका थिए । ठिमीमा लुकेर बसेका यिनलाई सुराकीद्वारा पत्ता लगाई जङ्गबहादुरले पक्राउ गरे । यिनलाई ल्याई कारकेर गर्दा यिनले जङ्गबहादुरलाई मार्न आउने सबैको नाम पोलिदिए । तिनमा चन्द्रवीर पुतवार, अमलदार बदलसिंह गुरूङ्ग, सिपाही गम्भीरसिंह गुरूङ्ग मुख्य थिए । सेवकराम थुनामा परे । चन्द्रवीर पुतवारका हात काटिए र उनी पनि कैद गरिए । अमलदार बदलसिंह गुरूङ्ग र सिपाही गम्भीरसिंह गुरूङ्गचाहिं जङ्गबहादुरको अनुरोध अनुरूप श्री ५ सुरेन्द्रविक्रम शाहको आज्ञाले पल्टनमा सुपुर्त गरिए । पल्टनले पनि दुर्वलाई झोंकले लात्तले हानी भालाले रोपी छिनमै छियाछिया पारी मारिदियो । यो कुराको सारा विवरण जङ्गबहादुरले राजेन्द्रविक्रमकहाँ प्रेषित गरे ।राजेन्द्रले यी सब कुरा आफूलाई थाहा नभएको र यिनलाई दगा गरेवापत सजाय गरेको 'वाजबी निसाफ' परेको कुरा नै सकार गरी पत्र पठाए ।

तर राजेन्द्रविक्रमले आफूले जङ्गबहादुरका विरोधमा कार्य गरेको कुरा नसकारे पनि चौ. गुरुप्रसाद शाह, काजी जगत वम पाँडेहरूले पनि आफूहरू

पानीमाथिको ओभानो हुने कुरा गरेपनि यी सबै दगाका कुरा त्यसै आफसेआफ उब्जिएका थिएनन् । चौतरिया काजीहरूका मन्त्रणाले नै यी सबै मानिसहरू दगा गर्ने उद्देश्यले काठमाडौं उत्रेका थिए । यसमा राजेन्द्रविक्रम शाह वा कान्छी महारानीको सहमति पनि थिएन भन्न सकिंदैन । चतुर जङ्गबहादुर पनि यो कुरामा वाकिफ थिए । यसैले उनले अप्रत्यक्ष रूपबाट राजेन्द्रविक्रम शाहलाई पनि धम्काएर लेखेका थिए । "जङ्गबहादुर दगावाजको हातबाट मर्दैन, मर्नु परेपछि यो जिमी थर्काएरै मर्नेछ" भन्ने उनको उक्ति यसै कुरालाई लक्ष्य गरेर निस्किएको थियो ।

शेरै चोटिका दगाको कुरामा अहिलेसम्म राजेन्द्रविक्रम शाहको संलग्नताको प्रमाण पाइएको थिएन । यसैले जंगबहादुर र राजेन्द्रविक्रम शाहका बीचमा पत्राचार हुँदा जङ्गबहादुर सम्मान राखेरै व्यवहार गर्थे भने राजेन्द्रविक्रम पनि जङ्गबहादुरले सुरेन्द्रविक्रम शाहका आज्ञाले गरेका विरोधीका वध कैदलाई समर्थन जनाएरै पठाउँथे ।

आफूप्रति गरेका यी दगाका संक्षेप विवरण अंग्रेज रेजिडेन्टमार्फत उनले इष्ट इण्डिया कम्पनीसरकार समक्ष पनि प्रस्तुत गरी पठाएका थिए र साथै ती दगाका कारवाही रोकाइदिने अनुरोध पनि गरेका थिए । अंग्रेज सरकारले पनि जङ्गबहादुरको मन राख्नका खातिर गुरुप्रसाद शाह र जगद्वम पाँडेहरूको अंग्रेजी मुलुकमा बसेर नेपालका वजीरको विरोध गर्ने छैनौं भन्ने मुचुल्का लेखाई नेपाल सरकार समक्ष पठाइदियो । राजेन्द्रविक्रमले पनि यसमा सहमति नै जनाइदिएका थिए ।

यसरी जङ्गबहादुरका विरोधमा उठेका दगाका लहरहरू आफैमा उठ्तै बिलाउँदै गर्दै थिए । यसमा न अंग्रेज सरकारको हात देखिन्थ्यो, न राजा राजेन्द्रविक्रम शाहकै । दुईतर्फ अर्थात् जङ्गबहादुर राजेन्द्रविक्रम शाहका मनभरी भएपनि बाहिर लोलोपोतो नै रहन्थ्यो र नानाभाँती व्यंग्य चलेपनि आपसको वैमनस्य प्रकट थिएन । यस्तै अर्को एक घटना घटचो, यसले सबै ढाकछोपलाई पर्दाफास पारिदियो ।

सो यसप्रकार थियो — शेरमर्दन हमाल र डम्बरसिंह विष्टहरू राजा राजेन्द्रविक्रम शाह, चौ. गुरुप्रसाद शाहहरूको सल्लाहले जङ्गबहादुरलाई मार्न राजेन्द्रविक्रम शाहको लालमोहरको कागज लिएरै आएका थिए । यो षड्यन्त्र पनि जङ्गबहादुरको आँखाको ओझेलमा पर्न पाएन । लालमोहरको सबुत साथै थिनीहरू पक्राउ परे । यिनलाई पनि श्री ५ सुरेन्द्रविक्रम शाहको हुकुमले सत्र पल्टनको सामुन्नेमै प्राणदण्ड दिइयो र राजेन्द्रविक्रम शाहकहाँ 'अब उप्रान्त जङ्गबहादुरकै तजवीजले काम काज गर्न राजी छौं, राजेन्द्रविक्रम शाहको हुकुमले काम-काज गर्न सक्तैनौं, भन्ने भाइभारदार गैंह पगरीको र दुनियाँदार समेतको अर्जी लेखाई पठाइयो । यस कुराले राजेन्द्रविक्रम शाहलाई ठूलो चोट पऱ्यो । उनले शेरमर्दन र डम्बरसिंहलाई आफूले पठाएको भन्ने कुरा जोडदार शब्दमा खण्डन गरे ; लालमोहर कीर्ते हो भन्ने जिकिर पनि गरे , ती मानिस अघि पाँडे काजीका चाकडीदार हुनाले लालमोहरका लिफा राखेका हुँदा हुन् भनी यस्ता कीर्ते लालमोहरका उदाहरण पनि पेश गरे र सत्र पल्टनको पजनी तँबाट होइन मैबाट हुनुपर्छ भन्ने कुरामा विशेष जोड लाए । आखिर मेचीपारको टिष्टावारको सुखीमको जगासमेत सुखीम राज्य अंग्रेजलाई भनेर मिलाएर ल्याउन सकिस् भने सत्र पल्टनको पजनी गर्ने अधिकार पाउलास् भन्ने अट्को पनि राखेका थिए । तर जङ्गबहादुर बलिया भइसकेका थिए । स्वयं सुरेन्द्रविक्रम शाह उनका पक्षमा हुँदा उनी निष्फिक्रीसंग राजेन्द्रविक्रमका काम-कारवाही मनाइलाई ठेउलाउन सक्तथे । तर अब त उनले प्रमाण पनि पाइसकेका थिए र राजेन्द्रविक्रम शाह कान्छी महारानी र उनका छोराहरूका पक्षमा लागेर गद्दीका हकदार जेठा छोराका विरोधमा गादीहरण गर्ने उद्योग गरिरहेछन् मचाहि श्री ५ सुरेन्द्रकै बफादार हुँ र गादीको सुरक्षा गरिरहेछु भन्ने प्रचार गर्न जङ्गबहादुरलाई सजिलो बाटोमइरहेको थियो । अब उनले मुखले जे भने पनि कामले राजेन्द्रविक्रम शाहको काम गर्न छाडे । जङ्गबहादुरले राजेन्द्रविक्रमका साथमा रहेका सिपाहीलाई

पनि तुरून्त काठमाडौं आउने आदेश गरी झिकाए ।

प्रथम त राजेन्द्रविक्रम शाह मुगलानमा बसेका थिए । उनी साथमा पल्टन पनि राख्न चाहन्थे । शरणार्थीको दल पनि उनका साथमा ठूलै थियो । सबै खर्चवर्च खोज्ने नै थिए । उनको पनि खर्च ठूलै थियो । अब स्वयं राजेन्द्रविक्रम विरोधमा उठेको सबुत प्रमाण पाइएपछि खर्च पठाउन जङ्गबहादुरले बन्द गरे । १५ हजार रू. तुरून्त पठा भनेर राजेन्द्रविक्रमले तारैतार गर्दा पनि अन्त मौज्दात छैन, ढुकुटी चलाएर पठाउनु भएन भनेर टारिरहेका थिए ।

उता यस्तो स्थिति थियो । यता जङ्गबहादुरले पनि ठूलो चातुरीका साथ प्रचारकार्य चलाएका थिए । राजेन्द्रविक्रम शाहको लालमोहर पढेर सबैलाई सुनाइयो । बाहिरबाट भएका सबै विरोधी गतिविधि आफ्नो र आफ्ना पक्षका विरुद्धमा मात्र नभएर श्री ५ सुरेन्द्रविक्रम शाहकै विरुद्धमा पनि भएका हुन् भन्ने भावको कुरो पनि प्रचारमा आयो । अनि सबै भाइ–भारदार सत्र पल्टन र दुनियाँको समेत राय लिई श्री ५ सुरेन्द्रविक्रम शाहलाई विधिपूर्वक गादीमा राखिएको र प्रवासी राजा राजेन्द्रविक्रम शाह गद्दीच्युत भएको घोषणा गरियो । यो घोषणाले राजेन्द्रविक्रम शाह र उनका पक्षपातीहरू एकदमै जिल्लिए र जङ्गबहादुरप्रति आगो भएर जागे पनि । यसैको फल अलौपर्व थियो ।

अलौपर्वपछि नेपाली सैनिकका निगरानीमा राजेन्द्रविक्रम शाह नेपाल ल्याइए, भक्तपुर दरबारमा नजरबन्द राखिए, पछि हनुमान्ढोका दरबारमा सारिए र जीवनपर्यन्त नजरबन्द जस्तैमा परेर रहे । सुरेन्द्रविक्रम शाहलाई सम्मानसाथ सिंहासनमा राखेर जङ्गबहादुरले अकण्टकसंग नेपालराज्यको हाली–मुहाली चलाएर रहे । तर जङ्गबहादुरका विरोधमा पछिसम्म पनि छिटपुट दगाका घटना उठ्न छाडेका थिएनन् । अलौपर्वपछि दुवै पुत्र सहितकी कान्छी महारानी काशीवासिनी भइन् । कति भारदार उनीहरूकै सेवामा रहेका थिए भने कति लाखापाखा लागेका थिए । चौ. गुरुप्रसाद शाहहरू कलकत्ता पुगी कम्पनी सरकार समक्ष अर्दास पनि गर्न लागेका थिए । सं. १९०४ श्रावणमा रणोज्ज्वलसिंह थापा जङ्गबहादुरलाई दगा गर्न नेपाल आएको कुरा महारानी स्वयंले सूचित गरिन् । आफ्ना सुसारे विशालवदना भन्ने केटीलाई रणोज्ज्वलसिंह थापाले लगिदिएकाले महारानी क्रुद्ध भएकीले यस्तो अभियोग यिनका उपर लगाइदिएकी पनि हुनसक्छ । रानीको पोल राजाले, राजाको पोल रानीले जङ्गबहादुर-लाई लाए र आफू शुद्ध साखिलो हुने कुरा पनि त्यस वेला चलेका उदाहरण पाइन्छन् ।

नेपाली भारदार चौ. गुरुप्रसाद शाह पण्डितराज रङ्गनाथ गुरुज्यूहरू जङ्गबहादुरलाई वैधानिक प्रधानमन्त्री मान्दैनथे । उनीहरूले केही महीनापछि सं. १९०४ माघमा नारायणी र गङ्गाजीको दोभानको तीर्थ हरिहर क्षेत्रमा बसेर एक धर्मपत्र गरी अस्थायी सरकारको घोषणा गरे । यस अनुसार नेपालका मुख्तियार माथवर सिंह थापाका छोरा रणोज्ज्वलसिंह थापा घोषित भए । यसमा सबै भारदारहरूले सहमत भई सहीछाप गरे । परन्तु राजेन्द्रविक्रम शाह राजा मुगलानमा छउन्जेल यो दल मजबूत थियो । अब यो त्यति सशक्तचाहिं हुन सकेन । उता कान्छी महारानी पनि छोराहरूसंगको अंश बखेडामा परेर निःशक्त बनेकी थिइन् । आफ्ना विरोधी गतिविधिमा बल नथपियोस् र धन-सम्पत्तिको सुरक्षा पनि होस् भन्ने नियतले जङ्गबहादुरको प्रेरणाले अंग्रेज अधिकारीमार्फत महारानीका साथमा रहेको सबै सुन, चाँदी, गरगहना, जवाहारात, नगदी, जिन्सी अंग्रेजी कलेक्टरीमा जम्मा गरिएको थियो । यस काण्डले तीन आमा छोरामा आपसमै मनोमालिन्य बढेको थियो ।

अब मित्र बाहिर पनि आफ्नो विरोध मत्थर हुँदै आएपछि इष्ट इण्डिया कम्पनीसरकारसंग सम्बन्ध सुधार्ने ध्येयले ६ सालको हिउँदमा जङ्गबहादुर वेलायततर्फ प्रस्थान गरे । भीमसेन थापाले नै वेलायत जाने उद्योग गरेका भएपनि उनी यसमा सफल हुन सकेका थिएनन् ।

भीमसेन थापाका भतिजा माथवरसिंह आफ्ना दुई छोरा र भानिज जङ्गबहादुर समेत लिई हिंडेका कलकत्तैबाट फर्के। तर जङ्गबहादुर जान सफल भए। यसको राजनैतिक प्रभाव त अलग्गै छँदै थियो। सामाजिक प्रतिक्रिया भने यसको ठूलै परेको थियो। वेलायतबाट फर्केर आएपछि जङ्गबहादुर राष्ट्रमा सामाजिक सुधार गर्ने मुलुकी ऐनको व्यवस्था गर्ने जस्ता कार्य त गर्न लागे, तर स्वयं उनी आउनेबित्तिकै उनीप्रति लोक-धारणा भने एकदमै नरामो भएर उठ्यो।

त्यस वेला भारत, भोट गएर कोही आयो भने पनि मुगलानियाँ भनेर धर्माधिकारी वा उनका प्रतिनिधि मार्फत् पतिया नपाई स्वदेश पस्न पाउँदैनथ्यो। नभए जात गएको मानिन्थ्यो। जङ्गबहादुर मुगलानमात्र गएका होइनन्, तर सात समुद्रपार फिरङ्गीका मुलुकमा पुगेर आएका थिए। यसैले यहाँ भारदार, दुनियाँदार-हरूमा पनि स्पृश्यास्पृश्य भक्ष्याभक्ष्यको छ्यान विवेक राखेनन्, अगम्यागमन गरे भन्ने खालको अपवाद उनलाई लाग्यो। नभन्दै वेश्यागमन गरेको अभियोग असही पनि थिएन। तल्लो अछुत जातका स्त्रीसमागमबाट जातिच्युत हुनु त्यस बेलाको नियम कानूनले मानेको कुरा थियो।

भारत नेपालको परम्परागत चालचलन अनुसार युवक केटाकेटीसंगको हाँसखेल, ठट्टा, एकान्तवास त परै जाओस् हेराहेरसम्म पनि निषिद्ध थियो। आँखीझ्यालको पर्दा उघारेर बाहिर केटा हेरेको अभियोगमा पनि दण्डित भएका कुरा सुनिन्थे। यस्तो सामाजिक वातावरणमा हुर्के-का नेपालीका लागि वेलायतको स्त्रीस्वातन्त्र्य त्यहाँको चाल-चलन एकदमै नौलो र अनौठो लाग्नु स्वाभाविकै थियो। तरुनी आइमाईले आएर जङ्गबहादुरका हातमा गालामा मोइँ खानु, हात मिलाउनु भन्ने कुरा सानो थिएन। नेपालीले यसलाई आश्चर्य लाग्ने कुरा मात्र मानेनन्। मीमहरूले जङ्गबहादुरलाई झुराएको ठाने र तरहतरहका अफवाह फैलाए। "जङ्गबहादुरले बेलायतको बगैंचामा ऋतुदान दिएकाले भिक्टोरिया महारानीको गर्भबाट अलवर्ट महाराज जन्मे" भन्नेसम्म कुरा पनि नेपालभित्र प्रचारित हुन आयो। यसले एकातिर जङ्ग-बहादुरको पुरुषार्थ प्रकट भयो भने अर्कोतर्फ उनको पूर्ण-रूपले जात गएको साबित भयो।

जङ्गबहादुर जातपतित भएका हुँदा उनलाई प्रधानमन्त्रीको पदमा राख्नु अनुचित हुने हुँदा उनका भाइलाई यस पदमा राख्नुपर्छ र उनलाई पदच्युत गर्नु पर्छ भन्ने खालको चर्चा यहाँ सुनियो। यसका सूत्रधार पहिले स्वयं वमबहादुर थिए र पछि उनैले यो भेद खोले भनिन्छ। जङ्गबहादुर राजधानीं भित्रिएपछि यो कुराको भारी पुर्पच्छे भयो। माहिला साहेबज्यू यसका नेता देखिए, जङ्गबहादुरका अरू भाइमा बद्रीनरसिंह र जय-बहादुर पनि दोषी पाइए। जङ्गबहादुरको यो विरोध साँच्चै ठूलो साबित भयो। राजपरिवारका प्रमुख सदस्य र स्वयं आफ्ना भाइ नै उनका विरोधी देखिए। फिरङ्गी-संग साँठगाँठ गरेकोमा र जातपतित भएको कुरामा धेरैजसो दुनियाँको पनि मूकसहमति थियो। यसैले जङ्ग-बहादुर निकै हच्किए। भारी भारदारी कचहरी भयो। तीनै जनाको साबितीमा श्री ५ लगायतका पचहत्तर जना भाइभारदारहरूले सजायँ दिनेमा सहीछाप गरे। तर माहिला साहेबज्यू हुँदा र गोत्रहत्या गर्नु पनि नहुने हुँदा मृत्यु दण्ड दिनु भएन, यहीं थुन्दा के हो, कसो हो, डर भयो र जङ्गबहादुरले कम्पनीसरकारलाई गुहारेर इलाहाबादको किल्लामा लगेर कैद गराउने बन्दोबस्त बाँधे। ५ वर्ष कैद ठेगिएको भए पनि १९१० मा जयबहादुर कैदमै परलोक भएपछि अरू दुई जनाले पनि छुटकारा पाए।

माहिला साहेबज्यू र बद्रीनरसिंहहरू इलाहा-बादको किल्लामा कैद छँदै सं. १९१० को शुरूमै बनारस-मा साहिला साहेबज्यू रणेन्द्रविक्रम शाहको नेतृत्वमा नेपाल गएर जङ्गबहादुरलाई मार्ने अर्को योजना तर्जुमा गरियो। यसमा प्रमुख सल्लाहकारमा चौ. भीमविक्रम शाह, कप्तान गोठू बस्नेत र काशीनाथ दुवाडीहरू थिए। यस अनुसार जङ्गबहादुरलाई मार्ने जिम्मा केशरसिंहले लिए। जङ्गबहादुरलाई मारेबापत केशरसिंहलाई रणेन्द्र

विक्रम शाहबाट पच्चीस हजार नगद पुरस्कार दिने र उनका सन्तानलाई वित्ती जागीरको समेत व्यवस्था गरिदिने धर्मपत्र गरियो। यसपछि केशरसिंहले के कस्तो काम कारवाही गरे, उनको के गति भयो, सो खुलेको छैन। यो योजना पनि त्यसै सेलाएर गयो अथवा असफल भयो नै भन्नुपर्छ। परन्तु अलिपछि चौ. भीमविक्रम शाहको बाटो गरी मगर्नी स्वास्नी राख्ने एक अधिकारी बाहुन भने जङ्गबहादुरलाई मार्न आएका थिए, पहिल्यै पक्राउमा परेर कारकेर गर्दा कायल भए। यसमा साहिला साहेबज्यूको र भीमविक्रम शाहको संलग्नता स्पष्ट भयो। यसपछि यी दुवैलाई पनि भारतमै कैद गराउने उद्देश्यले जङ्गबहादुरले रेजिडेन्टमार्फत् कुरा चलाए। यसमा माहिला साहेबज्यू र बद्रीनरसिंहहरूलाई जस्तो कैद गरिदिने कुरामा कम्पनीसरकारले मञ्जूरी पनि दिएको थियो। यस्तै अवस्थामा चौ. भीमविक्रम शाह परलोक भएकाले यो कुरा त्यसै ढिसमिस भयो।

उता जयबहादुर परलोक भएपछि छुटकारा पाएका महिला साहेबज्यू र बद्रीनरसिंह पनि सं. १९१० पौषमा नेपाल भित्रिए। उता साहिला साहेबज्यू-संग संलग्न भई जङ्गबहादुरप्रति दगा गर्ने योजना तर्जुमा गर्ने गोठू बम्नेतको विरोधी भूमिका भने पछिसम्म जस्ताको तस्तै बनिरह्यो।

यसरी निरन्तर विदेशमा बसेर जङ्गबहारका शासनको विरोधी भूमिका खेल्ने एक प्रमुख पात्रको आजसम्म इतिहासमा नाम टाँगिएको नहुँदा यिनका कुरालाई पनि यहाँ संक्षेपमा चर्चा गर्न चाहन्छु। यसभन्दा पहिले त्यस बेलाको एक अर्को घटनाको पनि स्मरण गराउन उचित ठान्छु।

त्यस बेलाको जनसमाजको छुवाछुत, जातपात, घटीबढी करणीको विषयलाई लिएर ज्यादै नाटीकुटी हुने गर्दथ्यो। जङ्गबहादुरले बेलायतबाट फर्केर आएपछि यस्तै भावनाले गर्दा ज्यान, मान, पद जानेसम्मको सम्भावना भएको र घरैबाट उठेको त्यस विरोधको सामना गर्नु परेको कुराको माथि चर्चा भइसकेको छ। यस्तै अर्को मानसिक आघातको पनि उनले सामना गर्नु परेको थियो। जङ्गबहादुर जतिसुकै माथिल्लो पदमा पुगेपनि, जतिसुकै शक्तिशाली सर्वेसर्वा बनेपनि उनलाई उच्च वर्गका झर्रा छेत्री, ठकुरीहरू भात भान्सामा चलाउन चाहँदैनथे, छोरीबेटी विहा गरेर दिँदैनथे पनि। खश क्षेत्रीका रूपमा होच्याएर व्यवहार गर्दथे। यसले गर्दा जङ्गबहादुरलाई मानसिक चोट परिरहेको थियो। अब उनी तीन डोरे जनै लाउनु, अरू ठकुरी छेत्रीभन्दा सानो हुनु अपमान ठान्दथे। यसलाई हटाउन त्यस बेलाको सामाजिक मान्यताले बाधा दिइरहने गर्दथ्यो। यसैले उनले आफ्नो वंशावली लेखाएर आफ्नो पुख्यौंली हाँगो मुस्लीमकालमा प्रसिद्धि कमाएका महाराणा प्रतापको वंशसंग जोडिएको कुरा साबित गराए र आफ्नो राजनैतिक, सामाजिक स्थिति सुधार्न उनले आफ्ना छोराको विहे श्री ५ शाहज्यादीका साथ गराइदिए पनि। तर अरू चौतरियाहरू भने यो कुराको दिलैदेखि विरोध गर्ने गर्दथे। यसैकारण उनले गुरुप्रसादको बहिनीसंग आफ्नो विहा गर्न माग्दा पाएनन्। चौतार्नी साहेबले मलाई बुढेसकालमा पानी खान दिने छोरी भनी जङ्गबहादुरलाई दिन मानिनन्। यद्यपि जङ्गबहादुरले कोतपर्वपछि हरण गरेको चौतरियाहरूको श्रीसम्पत्ति फिर्ता गरिदिए। गुरुप्रसाद शाहकी आमालाई ज्ञानेश्वरको घर दिएर उनका परिवारलाई अभय दिई राखेका थिए तापनि उनले चौतरिया खलकसंग सम्बन्ध बाँध्न निकै कोशिश गर्नु पर्‍यो। आखिर चौतरियाकी छोरी-संग विहा गर्न केटी माग्न जङ्गबहादुरले श्री ५ लाई नै गुहार्नुपर्‍यो। जङ्गबहादुरको मन राख्न स्वयं श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाह ज्ञानेश्वर गएर फत्यजङ्ग शाहको आमासंग "हेर चौतार्नी, मैले त आफ्ना शाहज्यादीलाई उनका छोरालाई दिएँ भने तिमीले पनि आफ्नी मैयाँ उनलाई दिन हिच्किचाउनु पर्दैन, दिहाल" भनेपछि श्री ५ को वचन हार्न नसकी उनले आफ्नी छोरी जङ्गबहादुरलाई दिइन्। पछि उनै हिरण्य गर्भकुमारीका नामले जङ्गबहादुरकी बडामहारानी

बनिन् । यसरी जङ्गबहादुर राजखानदानसंग विहावारी-मा त चले, तर पछिसम्म पनि यसको भित्रभित्रै भएको विरोध र बेइजतचाहिं उनले सुनिरहनु पऱ्यो । उदाहरणको लागि गोठू बस्नेतले उनीप्रति गरेको अवज्ञालाई अघि सार्न सकिन्छ ।

कप्तान गोठू बस्नेत भण्डारखालपर्वमा परेका थिए र भागेर मुगलान बसेर बचेका थिए । यी बस्नेत इन्द्रचोके बस्नेत थिए भन्ने अनुमान भएको छ । राजेन्द्रविक्रम शाह काशी गएपछि सबै शरणार्थीहरू भेला भए । तर राजेन्द्रविक्रम शाहसंग गोठू बस्नेतहरूको मत मिलेन वा जङ्गबहादुरले यिनको सङ्गत नगर्नू भन्ने आग्रह गरे । जे भएपनि गोठू बस्नेत कान्छी महारानीको पक्षमा भएको बुझिन्छ । गोठू बस्नेत, सनमान थापा, रणशेर खत्री, जगत्सिंह बस्नेत, भूरमण जोशीहरूले कान्छी महारानीको चाकरीमा पनि नरहनू, राजेन्द्रविक्रम शाहको चाकरीमा पनि नरहनू भन्ने सुरेन्द्रविक्रम शाहको लालमोहर गराउन खोजेको कुराले उपर्युक्त कुराको पुष्टि हुन्छ । पछि यिनीहरू साहिला साहेबज्यू रणेन्द्रविक्रम शाहका पक्का वफादार सेवक भएका थिए । दलबहादुर थापाले कान्छी महारानीको सम्पत्ति वेहिसाबसंग खर्च गरेको बारेमा उनको विरोध गर्दै यिनको समर्थन गरी यिनीहरूकै हातमा खर्च गर्ने अधिकार दिनू भन्ने जङ्गबहादुरले अर्जीपत्र पठाएका थिए । पहिले त आमा छोरासंग फाटो पारेर साहिला साहेबज्यूलाई सर्काउने काम जङ्गबहादुरले गरेका थिए । पछि भने जङ्गबहादुरलाई सिध्याउने उद्योगमा साहिला साहेबज्यू लागेको देखिन्छ । यस काममा गोठू बस्नेतको पनि सक्रिय सहयोग भएको कुरा माथि वर्णित भइससेको छ । पछि पछि काशीमा कान्छी महारानी र रणेन्द्रविक्रम शाह आमाछोराको वैमनस्य बढ्दै गयो । दलबहादुर थापाहरू महारानीका पक्षमा थिए भने गोठू बस्नेतहरूको चक्र रणेन्द्रविक्रमको पक्षमा थियो । यिनको परस्परमा ठूलो तक्रार भनाभन मुद्दामामिलासम्म भइरहन्थ्यो । यो कुरा मिलाउने बहाना त जङ्गबहादुर गरिरहन्थे, तर यो दन्त-बझानले जङ्गबहादुरको पक्षलाई काखी बजाएर बस्न सजिलो पनि भएकै थियो । पछि गएर महारानी जङ्गबहादुरकै शरण परिन्, महीनावारी शय रुपैयाँ भत्ता पाउँथिन् । तर रणेन्द्रविक्रम शाह भने जङ्गबहादुरको विरोधमा नै चल्दथे । गोठू बस्नेतले यो विरोधको राँको बालिराखेका थिए । जङ्गबहादुरको आडले इज्जत र धन बचाउने आमाको पनि साहेबज्यूले विरोध र बदनाम तेज पारेका थिए ।

मुगलानमा बसेर गोठू बस्नेतले सं. १९०३ देखि १९२१ सम्म जङ्गबहादुरप्रति जुन विरोधको राँको बालेको थियो, यी सबै लेखाजोखा त यहाँ सम्भव छैन, त्यसको सप्रमाण विवरण अर्को लेखमा प्रस्तुत गर्नेछु । उनले गरेको जङ्गबहादुरको अवज्ञा बेइज्जतचाहिं अचम्म लाग्दो नै रहेको छ ।

जङ्गबहादुरले आफूलाई उच्च कुलीन सिद्ध गर्न जति प्रयास गरे, जसरी झर्रा क्षेत्री ठकुरीहरूको आचरण अपनाए, शाही खानदानसंग विहावारी सम्बन्ध जोडे, आफू र आफ्ना खलकको थर फेरे, राजकीय प्रशस्ति जोडे तापनि उनले बाचुन्जेलसम्म नै आफ्नो बदनाम हेलाका शब्द सुनिरहनुपऱ्यो, जनतामा उच्च घरानामा उनको सानो जातको खश क्षेत्री भनी चर्चा चलिरहेको थियो । राजकीय दण्डबल नभएको भए उनले क्षेत्रीको रानु भएर राणा बन्नु असम्भवै थियो । देशभित्र त उनका विरोध कोठा कोठामा सीमित हुने गर्दथे, तर विदेशमा बसेर खुलारूपमा जङ्गबहादुर-लाई नीचो जात भनीकन विज्ञापन गर्ने नेपालीको नेतृत्व गोठू बस्नेतले लिएका थिए भने पनि हुन्छ । जङ्गबहादुरका लागि उनी घाउघोचा बनिरहेका थिए । विदेशमा फैलिएको यो बदनामको बीउ मास्न जङ्ग-बहादुरले अंग्रेज सरकारलाईसम्म गुहार्नु परेको थियो ।

प्रमाणका लागि केही महत्त्वपूर्ण पत्रहरू

१

सं. १९०३ कार्तिक शुदि १२ मा घटेका भण्डारखालपर्वमा जङ्गबहादुरतर्फबाट मारिने र भाग्नेहरूको तपसील

मारिने	भाग्ने
सुवेदार वीरध्वज बस्नेत	सरदार रणभद्र बस्नेत्
कप्तान मानसिंह बस्नेत	सरदार समरजित बस्नेत
सरदार दलमर्दन थापा	कुम्भेदान कनकसिंह खत्री
सरदार वीरकेसर बस्नेत	कुम्भेदान कालु थापा
कुम्भेदान पुरन्दर थापा	कर्णेल गोठू बस्नेत*
जमादार सिंहवीर थापा	सुब्बा नरसेर षत्री**
द्वारे केशरसिंह	जर्नेल बजिरसिंह थापा
कुम्भेदान शक्ति हमाल	सुवेदार सम्मान थापा
सुवेदार बागसिंह महत	सरदार बखतसिंह बस्नेत***
कप्तान उमेदसिंह बस्नेत्	काजी रणवीर राना मगर
हवल्दार नरजित राना	
कप्तान कोकले	

श्री ५ सुरेन्द्रविक्रम शाहको एक हुकूम जङ्गबहादुरको एक कमान गर्नू भन्ने लालमोहर

२

श्री

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रूक्का . आगे श्रीप्रायम् मिनिष्टर यान् कम्याण्डर इन चीफ जनरल जङ्गबहादुर कुंवर प्रति अधि संवत् १८९९ सालमा मेरा श्रीजेष्ट पुत्र नानी श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रमसाहदेव लाई श्री ५ महाराजाधिराजको किताप बक्स्याको हो . फेरि संवत् १९०१ सालमा मैले मेरा श्रीजेष्ट पुत्र नानि श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रमसाहदेवलाई हुकुम गर्नु मेरा श्री जेष्टपुत्र नानि श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम साहदेवले हुकुम चलाई राजकाज गर्नु भनि श्रीजेष्ट पुत्र नानी श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम साहदेवलाई लालमोहर गरि बक्स्याको हो संवत् १९०२ साल जेष्ट वदि ५ रोज ३ का मितिमा मेरो र श्री ५ महाराजाधिराजका सल्लाहसंग राजकाजको हुकुम गर्नु भनि श्रीबडा कान्छा महारानीलाई हुकुम बक्स्याको थियो .

*यहाँ गोठू बस्नेतलाई कर्णेल लेखिएको छ, तर पछिका पत्रमा यिनले सही गर्दा आफूलाई कप्तान नै लेखेको देखिनाले गोठू कप्तान नै थिए भन्ने स्पष्ट हुन्छ ।

**यहाँ नरसेर लेखिएको छ तापनि यो रणशेर खत्री हुनुपर्छ ।

***"यी माथिका बस्नेतहरू शिवरामसिंहका सन्तान नभएर इन्द्रचोके बस्नेतका पुर्खा थिए । "

सोमध्वज विष्ट–शाही सैनिक इतिहास, १२० पृ. ।

आजसम्म जाइ विजाइ जो हुन गयाको छ सो मेरा हुकुमले हो भनि हाम्रा श्रीबडा कान्छा महारानीले मेरा हजुरमा विति गऱ्या . विति गऱ्याको . सुनी हाम्रा श्रीबडा कान्छा महारानीले हुकुम दियाबमोजिमको आजसम्म तैंले जाइ विजाइ जो जो गऱ्याको छ सो सबै कुराको माफ गरि अभय बक्स्यौं, फेरि आज विरधोज् बस्न्यात् चांडाल्या र दलमर्दन थापा चांडाल्या इन्हेरूका संगुता समेत इन्हेरूले मलाइ मेरा श्रीजेष्ट पुत्र नानि श्री ५ महाराजाधिराज सुरेन्द्र-विक्रमसाहदेवलाइ श्रीमाहिला नानीलाई गाथसम्मको दगा गर्न षोजदा श्रीबडा कान्छा महारानीलाइ वक्स्याको कमान झिकि मेरा हुकुमले किरधोज्या वस्न्यात् चांडाल्या र दलमर्दन थापा चांडाल्या इन्हेरूका संगुतासमेत बान्ह जनालाई कत्तल गरि हामी श्री ५ सर्कारका गाथ कायम सम्भार गरि मेरा अैले गद्दि गद्दिको येक हुकुम चलाइ पछिलाई मेरा श्रीजेष्ट पुत्र नानि श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रमसाहदेवको गद्दि र हुकुम् कायम गराइस् मेरा श्रीजेष्ट पुत्र नानि श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रमसाहदेव का गाथ गादिको सोझो चिताइ निमकको सोझो गर्नि्. मेरो हुकुम्ली काज काम गर्छु भनि तैंले विति गऱ्याको हो . तर अधि मैले श्री ६ काशी जान्छु भनि अधि श्रीधर्म गरिहाल्या तसर्थ आज देषी पुढो मेरा श्रीजेष्ट पुत्र नानि श्री ५ महाराजधिराज सुरेन्द्रविक्रमसाहदेव को येक हुकुम भया वमोजिम मानि कंपु सोह्र पल्टन र हाम्रा भर मुलुकका चार वर्ण छतिसै जातलाई तेरो कमान चलाइ गाथ गादि ढुंगो मुलुकको सोझो चिताइ काम काज गर इति सम्वत् १९०३ साल मिति मार्ग सुदी ४ रोज १ शुभम् ---

(लालमोहरको नकलबाट । मिति नकलमा पनि पछि लेखेको छ ।)

गोठ्हरूलाई निकाला र कान्छी महारानीलाई जगा दिलाउने कुरा

३

श्री ५ नानी महाराजधिराज १३

श्री ५ जेठा बडा महारानी ११

श्री ५ बडा कांछी रानी ३।८

गोठ्या १ सन्मान् थापा २ रणसेर षतृ ३ जगत्सिं वस्न्यात् र यती जनाका षलक् औ भुरमन् जोसीले पनि मेरा --३-- भयाका हाम्रा जगामा पनी घुसवटुमा पनी चाकरीमा नरहनु भनी लालमोहोर भै आवस् औ पन्थ् हजार यक सालमा उठती हुंन्या जग्गा पनि सप्तरी महुत्तरीबाहेक अरू जील्लामा जहां मेरा--८-- का मन पर्दछ, वांहां मधेसमा बक्स्यौं भंन्या लालमोहर भै आवस् . औ सप्तरी र महुत्तरीमा कसैलाई वित्र्या नदीनु भनी मैले र मेरा --११-- का सल्लाहले उर्दी दी थीती गऱ्याको हो यही कुरा तांहां मेरा --१३-- का हजूरमा विन्ती पारी यही माफीक्को हुकुम् गराइ पठाउँन्या काम् र अस्तीको काम् काम्को मोहर गराइ चांडो पठाइदे शुभम् ----

दगा गर्ने हरूलाई दण्डसजाय

४

श्री

श्री ५ बडा कांछा महारानी

१

अर्जि - - - -

उप्रांत जेष्ट वदि रोज का दिन मेहर्वानगीपूर्वक वक्सीयाको लालमोहोर ये वदि ७ रोज ६ का दिन आई पुग्यो. अर्थ सीर चन्हाआ . उप्रांत तलाई दगा गर्न जान्या . ति. पाजीहरूलाई पक्री पुर्पक्ष भै . कायेल भै कायेलनामा लेषि दियापछि हुकुमबमोजीम तेस्ताको सजाय हुनै पर्छ . अधि मैले पनि यस्ता षतुकिहरूको. षत अन्सार पूर्पक्ष गरि . सजाय गर्नु . भन्या थितिको मौहर गरि बक्स्याको हो . मेरो मंत्री हामिहरूको गाथ बचाउन्या . तं निमकको सोझोलाई . दगा गर्न षोजन्या चंद्रवीन्या पुतवारको . हात काटिन्या र . अमल्दार बदल्सीं गुरु . सिपाही गंभीरसिं गुरुलाई कायेल्नामा लेषाई मान्यों काम वाजवी निसाफ भयेछ भन्या विस्तार सहित . मैले विंति गरी चन्हाइ पठायाका येक् येक् कुराको येस्तो हो भंन्या .षुलासासंग मं गुलामका उपर मेहेरबानगीपूर्वक शिक्षाको हुकुम आंउंदा 'सेवकका

चित्तमा . बहुतै आनन्द भयो . हपकिको .चौतरिया गुरूप्रसाद साह र बषतवार षडकालाई . पठाइ वक्स्याका काम बहुत बढिया भयेछ . गंजसि राउतको कुरामा . फलानू हो फलाना ठांउंमा बस्न्या हो . फलानाको छोरो हो . भंन्या ठेगाना नआउंदा . कल्पित कुरा हो कि . भंन्या . संदेह लागी रहेछ भंन्या . हुकुम भै . आयाका कुरालाई . अर्जिमा . मँ . कहातक विति गरू जौन् जौन् कुरामा . हजुरलाई संदेह लागी बक्स्याको . छ उस् उस् कुरामा . हजुर आहा पावलागी बक्स्यापछि . हजुरका चित्तको सन्देह निवृति भै . येस्तै रहेछ र . पो जङ्गबहादुरले . येस्तो . दुःष मनाउ बिति गरि पठाउदो रहेछ . भंन्या हजुरका . चित्तमा . पर्न्या छ . सो बुझि बक्स्या जाला . जिमि थर्काियांको नजर होला भनि . तैले लेष्याको कसलाई हपकायाको हो . मधेस आउन्या भारदारलाई र '—१— लाइ हो भन्या . ठिक बाजबी लेषिछस् .मलाइ पो हो भन्या क्या थर्काउलास् हेटौडामा . जनरल माथबर्सि थापालगायत तँसमेत सारा कंपुलाई मैले लठिले . हटायाको जान्दैछस् . बैगुन जति चिन्ही बक्सन्या भनि लेषिछस् . मेरा —१— ले . कुंवर षलक सवैलाई . सुत्यामा दगा गर्न षोजदा मैले बचायाको बिसिछस् भनी हुकुम भै . आयाका कुरालाई बढिया हुकुम भै आयेछ . हेटौडामा .जनरल मातवर्सि थापालगायत् भारदारसमेत् . सारा कंपुलाई . हटाई बक्सनुभयाको र . —१— बाट हामि कुंवर षलकलाई सुत्यामा . दगा गर्न षोजदा . हजुरबाट बचाइ बक्स्याको साँचै हो . गुलामले .बिर्स्याको छैन हजुरलाई . थर्काउन्या सेवकको धर्म पनि होइन . हजुरलाई थर्काउना पछि . लाग्यां भंन्यां . मं . जस्तो निमकहराम को ठहर्ला . हजुरमा त. हामिहरू जस्ताका . निसीब भाग्य लडदछन् . जसका निसीव भाग्यले . जित्तछ . उसले . हजुरको चरणारविन्द भेटाउंछ .जिमि थर्काियाको नजर होला भनि . विति गरि पठायाको . हजुर माथि पनि होइन . —१— पनि . हाम्रा त षामिद हुनुहुन्छ . वहाका उपर पनि होइन .भगुवाहरूले. मलाई . दगा गर्न पठायाका ३।४ बषत हजुरका प्रतापले फेला पनि पार्‍या कायेल भै . हुकुम वमोजीम सजाय पनि भयो येति भया पछि पनि . ई . दगा गर्न छाडन्या छैनन् .इनका दगामा पर्नु पर्‍यो भन्या पछि .इनले . सक्या मलाई मार्नन् . मैले सक्या . इन्हरूलाई छापछोप पारौं . बषतमा . जो जो परि आवला सोमाफिक गरियेला . भंन्या पाठले हजुरमा पनि विति गरि पठाउ आहा रजीडंट साहेबसंग पनि इ भगुवाहरूले . दगा गर्न मानिस पठाउछन् . इन्को जवाफ दिन म पनि सक्तछु . तर सर्कार कंपनीसंगका दोस्तिमा उसै जाइ लागनु . वेमुनासिव हुंछ . येस्मा क्या सल्लाह दिन्छौ भंन्या कुरा गर्दा . सर्कार कंपनिका मुलुकमा बसि अब येस्तो बेजाई विद्वत गर्न तिन्हरूले पाउन्या छैनन् . तिन्हेरू सबैको अब उप्रांत येस्तो काम गर्न्या छैनौ भंन्या मुचुल्का झिकाउछु . ति मुचुल्का आया पछि पनि दगा गर्न्या भन्या तिमिले पनि . ति . भगुवालाई . ठोकि दिनु भंन्या कुरा गर्‍या . थोरै दिनमा . मुचुल्का पनि आई . पुगदछ आई पुगनी वित्तीकै . मुचुल्का पनि चन्हाइ पठाउन्या काम गरुला . किमधिकं विज्ञवर प्रभु चरणेषु इति संवत् १९०४ साल मिति प्रथम जेष्ठ वदि ९ रोज १ मुकाम कांतिपुर शुभम्— सेवक जंगवहादूर कुंवरकस्य कोटि कोटि कोटी साष्टांग दंडवत्सेवा सेवा सेवा शुभं—

राजेन्द्रविक्रम शाहले पन्ध्र हजार रू. खर्च मागेको पत्र,

५

(रातो छाप)

स्वस्ति श्रीमन्महाराजाधिराजकरय रुक्का— — — — आगे . श्रीग्राइम् मिनिष्टर यान् कम्यांडर ईनचिफ जनरल जङ्गबहादूर कुवरप्रति . षर्चका निमित्त पंध्र हजार रूपया पठाईदे भंन्या हुकुम्को लालमोहर पठाई बक्स्यामा. अन्यत्र काहीबाट रूपया निस्कदैनन् . ढुकुटिका रूपया झिकि चन्हाई पठाउंकि भंन्या बेहोरा लेषिछस् . मलाई आहां षर्चले सान्है हर्कत् हुंदा . हुकुम् बक्सी पठायाको हो . तेस् कुरालाई तांहां बांग्या वैठकबाट भया पनि . आहां तराईमा . कोहि रकम्बाट भया पनि जस्ता पाठले हुंछ चांडो गरि पठाईदे . तेति रूप्यालाई षट्षट् चाहिनु पर्न्या पनि होईन . ढुकुटिका रूपयामा छुनु पनि पर्दैन . ढुकुटि नचलाउनु भंन्या कुरा ताहां मं छदै पनि

भयाकै हुन् . अब पनि . हुकुम् पठाई बक्स्याको छ . ढुकुटिका कत्ति पनि नछुनु . ईति सम्वत् १९०४ साल मिति द्वीतिय ज्येष्ट शुदि ३ रोज ३ मुकाम सुगौलि शुभम् – – – – – –

अलौपर्वमा मर्ने हरूको तपसील

६

संवत् १९०४ साल मिति आषाढ शुदि १५ रोज ३ का रात्रिमा अलौका लडाईमा कप्तान सनकसीं षत्री कप्तान बलभद्र माझी पुराना गोरष पल्टंले मार्‍याका मानिसको तपसिल – – – –

तपसिल

श्री ५ महाराजाधिराजका मामा रामवक्सुसि–	१
कप्तान किर्तिवीर थापा–	१
लेफटेन अम्बर साहि–	१
लेफटेन श्रीभक्त षवास–	१
सुवा कालिदास–	१
सुबेदार बौधमान कार्कि–	१
सुवेदार जहसि भडारी–	१
चोपदार रामनाथ पाध्या–	१
कस्मेरि राज दाहको छोरो कासीनाथ–	१
गुरुप्रसाद पट्टीका जमादारहरू–	८
मधेस्या रजपूतहरू–	२०
तुरुक सवार–	२
जमादार वद्रिवान षत्री–	१
राजदलका बोलाहाट जादा नआइ अडियाका हुद्दा सिपाहि –	११
गयासंकर कटुवाल–	१
श्रीनानीसाहदेवका मानिस्–	३
साहि र पाडेका मानीस् नाउ नजानीयाका जम्मा–	३५
घाइत्या–	२३
हाम्रा रैति–	३
मुगलानामा गै मर्‍याका र घाइत्या थाह छैन–	०
पाता फर्काइ बाधि ल्याया का–	३
वनवजीर र रातो टोपी ल्याउन्या बहिदार–	१
चन्द्रकांत पंडित अर्ज्याल–	१
बलभद्र धमाला–	१
हाम्रा पट्टीका लड्न जान्या कोहि मरेनन् घाइत्या हुद्दा–	१
सिपाहि–	४
मर्न्या छैनन्–	

श्री ५ महाराजलाई पनी **श्रीगोरष** पल्टनले चलाई मकवानपुरमा ल्यायाछन्, **श्रीनानीसाहेब**लाई जाली उग्र वेतालिनी भनी उन्का गहना दौलथ लिलाम गरी उनलाई सिवाना कटाईदिया · **श्री ५ बुढामहाराजा**लाई **श्री ५ महाराजाधिराजा**का हुकुमले केवलपूरमा चलाई वाहिराज गराउनु भन्या हुकुम भई चलाऊन्या काम गरियो वाहाका साथमा नोकरी गर्नलाई कर्णेल १ कप्तान् १ लेफटेन १ सुवेदार १ पण्डित २ पाष्या कंपनीका सिपाहि ३०० लाई १५ दिनको पालो गरि बस्तछन् . ज्यूनार पोसाकदान अधि गद्दिमा राज गर्दामा जस्तो थियो उस्तै रहन्छ . ज्वान् ज्यान् भान्स्या सुसार्‍या २।२ जनाको पपन्द्र दिनको पालो रहन्छ शुभम् ———

(सं. सन्देश१ वर्ष ५ अं. २८-२९ पृ)

दलवहादुरलई निकाली गोठूहरूलाई कारिन्दा राख्ने सल्लाह

७

सम्वत् १९०६ आश्विन वदि ४ रोज ५ श्रीप्राइम् मिनिष्टरबाट श्रीसाहीला साहेवज्यूके —

अर्जि ——

उप्रांत हजूरलाई श्रीसाहेवज्यू पैदा भै वक्सनु भयाको षवर सुवेदार लक्ष्मीनाथ थपलियावाट लेषिआउंदा जांहां श्री ५ महाराजाधिराज श्री ५ बुढा महाराज श्री ५ वडामहारानी सवै सर्कारवाट बहुतै षुसी भै वक्सनुभयो. मेरा पनि मनमा वहुतै षुसी आल्हाद भै . श्रीसाहेवज्यू पैदा भै वक्सनुभयाका षुसीनामाको **ममारषी** चन्हाइपठायाको हो . तेस्तै बीचमा भाद्र शुदि ४ रोज ४ का दिन वक्सी पठायाका कृपापत्रमा श्रीसाहेवज्यू . परलोक भै वक्सनुभयाको षवर आउँदा जांहां सवै श्री ५

सर्कारिहरूबाट ठुलो अपसोस गरी वक्सनुभयो मलाइ पनि ठुलो अपसोस भयो . ताहा हजूरलाई त झन् ठुलो अपसोस पर्न गयो . गयो तपनि श्रीइश्वरको इच्छा कसैले टारि टर्दैन . श्रीदैवको लाठि सबैका उपर छ . संसारको गति . येस्तै छ त पनि हजूर समर्थ सज्ञान . विराजमान हुनु हुदैछ . येक पटक येस्तो भयो त पनि पछि . सबै तहरले हजूरलाई उत्सव हुन्यैछ . येस कुरामा चित्तलाई धैर्य गरि वक्सी फिक्रि नगरि वक्स्या जाला बारा पर्साको आमदानी पठाइदिया बढिया होला भनि लेषि बक्स्याका कुरालाई हजूर बालष जाहावाट पठाइदियका धनदौलतमा दलबहादूरले चयन् गर्न्या श्री ५ महाराजाधिराजको येक् दुइ हुकुम हजूरबाट उल्लंघन् गर्दा . उहि रीसानीले श्री ५ महाराजाधिराज श्री ५ बडा महारानीबाट बंद गरि वक्स्याको हो . हजूर गाजलका कोठीबाट निक्सी आफ्नु इज्जत हुर्मत राषी बक्सी बेदाग भै वक्सनुभयो . जाहा श्री ५ महाराजाधिराजको आमा र नेपालका बजीरको वास्ता हिन्दोस्थानमा अंगरेजका साहेवानहरूका आइनवमोजीम् चलंजीसम्म हिन्दुस्थान चारै षुटमा जाहा राज गरिवक्सनुहोला षाना लाउनामा र हजूरलाई वेइज्जत हुन पाउन्या छैन . इ विति गर्न्याका कुरा . हजूरबाट विसि वक्सनुभयो भन्या हजूरको दिनपरदिन बिग्रदै जान्याछ . सो बुझी वक्स्या जाला हजूरलाई षर्च पठाउनाका अर्थलाई दलबहादूर येसका मतलवका मानीसहरू निकाला गरी हजूरका पुराना कारिंदा जनरल वजीरसँग भूरमण जोसि गंभीरध्वज रणसेर षत्री गोठु गैह इन्हेरूका पेट पीठ षर्चको बन्दबस्त गरि हजूरसंग राषी दिउला ईन्हेरूले चोर्न्या नचोर्न्याको विचार पनि जाहावाट पनि गरौंला हजूरवाट पनि आफ्ना धनदौलतमा कारवारीलाई नचोंराउन्या र . हिन्दुस्तानी गुण्डाले उचालदा नउचालीन्या जब येक दुइ वर्षमा हजूरको पक्का बुद्धि देपियेला उस वेलामा श्री ५ महाराजाधिराज श्री ५ बडा महारानीका हजूरमा हात जोडी विति चम्हाई निकासा गरि पठाउन्या काम गरौंला. येस्मा संदेह नराषी वक्स्या जाला . अवदेषी उप्रांत हजूरका मामला मुकदमाका कुरालाई कोइ हिन्दुस्थानी-हरूले येति रूपया वक्स्या हजूरकों मामला मुकदमाहामी गरौंला भनि आया भन्या ति हिन्दुस्थानीलाई येक पैसा पनी नवक्सनु . केहि घटिया वढिया आकुवाट चुकीवक्सीयों . उस्तो केहि काम परिआयो भन्या . ताहांका बडासाहेवसंग गै आपना मुहुजमानी निको ननीको जौन कुरा गरिवक्सनुपर्न्या हो . गरिवक्सनु . हिन्दुस्तानीका भर पर्न्या काम कदाचित . पनि . नगरिवक्सनु . ताहाका बडासाहेवलाई केहि काम काजले फुर्सत नभै . जवाव मिल्न ढिल हुनगयो भन्या हजूरवाट . मलाई लेषीवक्सनु र जाहाका रजीडंट साहेवसंग दर्षास्त दि . मुनासिव माफिकको जवाव जाहाबाट पठाउंला . उस्माफिक्को काम गरिवक्स्या जाला जाहाबाट . काजी हेमदलसिंह थापा . र अमीन सुबा सिद्धिमानसिं राजभंडारी ताहा हाजीर भयापछि मेरो दौलत हिनाविना पारी दियो . मेरो सबै तरहले वेइज्जत गर्न्यो मेरा दौलतको पत्ता नपाउन्जीसम्म दलवहादूर १ रणजोरसिं थापा १ औमानसिं थापा १ भवानीसिं हमाल बावु छोरा २ भीमसेन वानिआका छोरा २ रूद्रलाल १ महावीर थापा १ इन्हेरू कयेद रहुन्. दौलथको पत्ता लागीसक्यापछि मानीस बनारसका इलाकाभरमा रहन नपाउन् भन्या कुरा काजी हेमदलसिं थापा र अमीन सिद्धिमानसिं राजभंडारीलाइ लि ताहाका बडासाहेवका कोठिमा पाउलागनुभै यो लेषीया बमोजीम्मको सवाल ताहाका बडासाहेवसंग गरिवक्सनु होला हजूरबाट यति कुराको सवाल गरी वक्स्यापछि दौलथको पत्ता लागी सकनीवित्तिकै तिन्हेरू बनारसका इलाकामा हर्गिज रहन पाउन्या छैनन् यसै मजमूनको कुरा श्री ५ महाराजाधिराजबाट हुकुम भै जहाका रजीडन्ट साहेवसंग म आफै गै विस्तार गर्दा यही मजमूनका कुरा ताहाका बडा साहेवलाइ जाहांका रजीडन्ट साहेवबाट लेषिजान्याछ ताहाका बडा साहेवले पनि मंजूर गर्न्याछन् काजि सुव्वा ताहा नपुगंजीसंम र ताहाका बडा साहेवसंग बातचित् हुदामा केहि आनठानको कुरा परि आयो भन्या काजीहरू हाजीर भंयाका छैनन् हाजीर भयापछि इतलाय गरियला भन्या कुरा गरि थामिबक्सन्या काम गर्नु

काजीहरू पुग्यापछि हजूरको सबै कुराको बेहत्तर हुन्या काम गर्न्याछन् कोइ वातको सन्देह नराषिवक्स्याजाला शुभम्

उपेन्द्रविक्रम आदि ३ जनाले कसुर गरेको जान्ने ७५ जनाको सही .

८

श्री ५ मह्गराजाधीराज सुरेन्द्रवीक्रमसाहदेव

१

श्रीपमहाराज राजेन्द्रविक्रम साहदेव

२

उप्रान्त माहिला साहेवज्यू उपेन्द्रविक्रम साह १ जनरल बद्रीनरसिंह कुवर राणाजी बहादुर १सिकिन जनरल जयबहादुर कुवर राणाजी १ ई जना ३ ले वेकसुरमा श्रीप्राइन्मिनिष्टर याण्ड कम्याण्डर इन चीफ जनरल जङ्गबहादुर कुवर राणाजीलाई ज्यान मार्नामा तयार भयाका इ तिन्ले आफ्ना राजीषुशिले कायेलनाम लेषि सही गरि दियाको साचो हो इ तिन् जनाका कसुरको सावीत् जान्या श्री ५ सर्कार उमराहरूका नाम बमोजिम् तपसिल् —

तपसिल

श्री ५ सुरेन्द्र चीफ बंबहादुर

श्री ५ राजेन्द्र कृष्णवहादुर

(यस्तै गरी ७५ जना भाइभारदारको सहीछाप छ)

दुई भाइले दगा गरेको

९

श्री.

सं १९०७ साल फागुन वदि १ रोज २ मिनिष्टर राणाजीबाट काहिला जनरल कृष्नबहादुर कुंवर राणाजीके

उप्रांन्त . माघ शुदि १५ रोज १ का राति . जनरल . बद्रिनर्सि जयबहादुरले मेरा रोटिमा षलल हुन्या र . मेरा जियमाथिको दगा गर्न . आटचाको हुदा ई दुईजना कयेत भया . यो षवर सुन्दा . तं हडबडाउलास . तैले हडबड़ाउनु पर्दैन . बाकी तेरा अर्थ र. ताहाका . कामकाजको सुर बस्या पछि . आहा लेषी पठाउनु र आंहाबाट लेषी गया बमोजी गर्लास् . .

दुइ भाइले विरोध गर्दा खड्गबहादुर के गर्छ भन्ने:

१०

सं १९०७ साल फागुन वदि १ रोज २

काजी गंभीरसिं अधीकारीके . मिनिष्टरबाट

उप्रान्त . आहाबाट तिमिलाइ बोलहाट गयाको हो . तिमि बाटामा आयाका भया भनि सिपाहीले भेट्न्या बित्तिकै फर्कि पाल्पा जाउ . उही भया पनि वस . आहा जनरल बद्रिनर्सिले र जयबहादूरले . मेरा रोटि . जिउमा षलल गर्न थोज्दा , कयेत भया . तिमिले ताहा बसी . खड्गबाहादूर हामिसग षुलस्त छ छैन बुझी लेषी पठाउ र तिमिलाइ झिकाउन्या तज्बीज होला . ताहा वरषका . सिपाही पगरी लाजीमा गैन्हको . ताहा हाजीर भयाका जवानको हाजिर र . काज गैह्न बाकीको. रोज रोजको नाउनमेसि लेषी पठाउनु . ताहा हाजीर रहच्याका र . नाउनमेसीका कागतले . हाजीर गर्दा मिलेन . नलेषी सिपाही पगरी कोही कोहि गयाको ठहन्यो भन्या पनि तुरुन्त लेषी पठाउनु

मंसीरमा छुट्कारा दिने भन्ने जयबहादुरलाई लेखेको पत्र:

११

सं १९१० सा. भाद्र शुदि २ रोज २ श्रीप्राइमिनिष्टरबाट जनरल बद्रीनरसिं कुंवर राणाजीके—

भाद्रवदि ४।६ रोज २।४ का दिन लेष्याका पत्र २ ए वदि ११।१३ रोज ३।५ का दिन आइपुग्या पत्रले सवै बिस्तार मालुम भयो . उप्रांत जनरल जयवहादुर कुंवर राणाजी षस्याको समाचार आउदा मनमा साह्रै भाग्यमानि रहेछ . ताहा जो गर्नु पर्न्या दान दक्षीणा फिक्री लाग्यो . दैवको लाठी कसैले टारी टर्दैन उस्का हकलाई साह्रै दसदानादि गरिदिन्या काम बहुत बढ़िया गरी दिछस् . तलाइ जो भन्या कुरा मैले भेट गरी आउदा भन्याकै छ . मंसिरदेषि

उसो तैले ताहा वस्नुपर्दैन औ जनरल जयबहादुरको जो भयाको मालताल र. उस्का मानीसहरूलाइ पठाइदिन्या काम गर्नु . तैले दर्षासी गर्‍याका रूपैया ६ थामीदियाको छ . धेरै बुद्धी फैलावट् गर्दा . अघी पनि बिग्र्याको छ . अरू पनि बुद्धी फैलावट . गरि लेषदा विग्रेला . सो बुझी जाहाबाट लाया अन्हायावमोजीम गरी रहीस् भन्या तेरो बेहत्त(र) हुदै जाला सो बुझी काम गर .

जयबहादुरलाई फकाएको पत्र

१२

सं . १९०८ भाद्रशुदि १४ रोज ३ श्रीप्राइममिनिष्टर राणाजिबाट जनरल बद्रिनरसिं कुंवर राणाजी बहादूर श्रीसिकिन जनरल जयबहादूर कुंवर राणाजीके––

श्रावण शुदि १३ रोज ७ ए शुदि ११ रोजका दिन लेष्या-का पत्र श्रावण शुदि १४ रोज १ मा ए वदि भयो . ८ रोज का दिनआइपुग्यो. अर्थ मालुम उप्रांत ताहा भयाका आफ्ता सुषदुषका कुराको विस्तार लेषी पठाउन्या काम बढिया हो · पत्रले सवै विस्तार एक एक गरि बुझियो . दुषका कुरालाई कैद भन्याको दुषैको कुरा हो . सोषको कुरा होइन . अइन्माफिक दुषसुष जो प-यो . भोगनै पर्दछ. मेघगंभीरसिं बश्न्यात पनि चरणका ज्यानमा लाग्याका हुन्. चरणवाट मेहरवानगी गरिबक्सनु भयो भनि लेष्याका कुरालाई मेघगंभीरसिं वश्न्यातले अरूलाई अघि सार्दा उनमाथी मेहरवानगी भयाको हो . तिमिहरूले त . आफै ततपर भै ग-याका हुनाले कयदसम्म भयो जाहाका छोटा बडा सबैका तजवीजमा ६० वर्ष कयद र आंषां झिक्नु भन्यभायाको थियो. आंषां झिकि ६० वर्ष कयद हुदां कस्तो हुदो हो . तिह्पेरूका मेहरबानगीले हो भन्दा हाम्रा परिया रहरूसंग जन्मभरको (छुट्टि) गरायाथ्यौ . तिमिहरूका त परियारको पनि याद गरिदियाकै छ . तिमिहरूलाई पनि ६० वर्ष कयद हुन्या कुरामा ५ वर्षको कयद गरायाको छ . अहिले तिमिहरूका निमित्तमा लाठ साहेवसंग बोल्याका कुरामा फेरि अर्को तरह गरि झुट्टा हुंन सकिदैन अइन बमोजीम् रही मैन्हा दिन्मा येक चिठिमात्र लेषनु बढता नलेषनु पानि भन्यौ मालि हजाम धोवि . दर्जि चर्वि सोह्न्यौ इ ६ जनालाई मैन्-हावारि २६।। दिनुपर्दछ रोजको ४ रूपयादेषी पाउदैनौ भनि . हामीहरूको सवै तलासी गरि १०२० रुपया कंपनि र सुनका महमदसाही १५ पनि लियो ४ रुपया रोजले कस्ता तरहले गुज्रान गरौं . ति तलासी गरि लियाका रुपया असर्फि जाहाका कमानीयर साहेवलाइ देउ भन्या लेषी वक्स्या मेहरवानगी नहुँजीसम्म प्राण आधार चल्दो हो भनि लेष्याका कुरालाइ ६ रुपया रोज गरि दियाको छ. रोज ६ रुपैया (मिलवाट) ली षान्या काम गर्नु . षरिदहरू गराउनलाइ सुवेदार जगवीरलाई भया हुदो हो भन्या लेष्याको र १ हजार कंपनि रुपैयाका कुरालाइ अलीक् दिन केहि कुरा नगर्नु . पछीवाट तेस्कुराको पनि बन्दोवस्त हुन्याछ . हडवडाउन्या काम नगर्नु . तिमीहरूको इमान विचार गर्नलाई ति रुपैया लीयाका हुन् . हुज्जत गरैनौ र इमान्स (ग) रहयौ भन्या सवै कुराको सुभीता हुदैजाल अैल्हे हडवडाउन्या काम नगर्नु शुभम् ––

उपेन्द्रविक्रमहरू काठमाडौं आइपुगेको कुरा

१३

याददास्त श्रीमद्राजकुमारकुमारात्मज श्रीजनरल कृष्ण बहादुर कुंवर राणाजी कायमं मुकायम प्राइम्मिनिष्टरका तर्फवाट मेजर जारिज रमजी साहेवबहादुर रजिडंटका नाममा सम्वत् १९१० साल मिति पौषशुदि १२ रोज बुधवार ––

हे मित्र सलाम र पुसिले भरियाका मुलाकातपर्छ दोस्तिले भरियाका दिलमा जाहिर हवस् हाल पौष महिनाको २५ तारिष रोज २ का दिन घडि ४ वाकि छदा लिफ्टेन सेवक्राम थापा र गारद रजिडंटि चप्रासि समेत्ले श्रीमाहिला साहेव उपेन्द्रविक्रमशाह र श्रीमाहिला जनरल बद्रिनरसिं कुवर राणाजीलाई कुसल क्षेमसंग ईलाहावादका किलाबाट नजरवंद जाहा नेपाल म दोस्त छेउ पुग्याया . तसर्थ तपाईलाई इत्तलायका निमित्त दोस्तिका कलम्ले लेष्या शुभम् ––

(अघन शुदि १४ बुधवार इलाहवादबाट प्रस्थान पौष २५ गते सोमवार काठमाडौं पहुंच)

जङ्गबहादुरलाई मार्न केशरसिंहलाई पठाएको

१४

श्रीविश्वनाथ श्रीकालभैरव श्रीगंगा

श्री

साहिला साहेव

रणेन्द्रविक्रम

शाह

स्वस्ति श्रीमन्महाराजधिराजकुमारकस्य रुक्का

आगे केसरसिं – – हाम्रा राजे गाथगादिमा दावा षलल गर्ने भैं भारादार मारने यस्तो चण्डाल – – जङ्गबहादुरेलाई मार्नु . मारन सकिस् भन्ये पचिस् हजार रुपैया वकसुला . तेरा संतानतक परवरिस् गरूंला विरता घर षेत जागिर दिउला · यस कुराको साछि– – राषि धर्मपत्र गरिवक्स्यौं . षातिरजामासंग काम गर . सम्वत् १९१० साल मिति चैत्र शुदि १२ रोज शुभम्––

रूजु चौतरिया भिमविक्रम शाह रजु कासिनाथ दुवारि रूजु सुकृजिवन् मारफत् कपतान गोठु बस्न्यात् (फट्केमा)

रूजु गुरु पण्डितराज ि– – नाथ

(रणेन्द्रको सही उर्दूमा)

जङ्गका बाबु छोराको विहा

१५

११ साल आषाढ वदि ५ रोज ५ श्रीमिनिष्टरबाट चौतरिया गुरुप्रसाद साहेब

श्री ५ महाराजधिराज

१

श्रीकांछा महारानि

२

श्रीकाहिला साहेवज्यू

३

चतरिया गुरूप्रसाद साहलाइ जान्या .

उप्रान्त . वैसाष सुदि १५ रोज . मा लेषनुभयाको . पत्र आइ पुग्यो अर्थ . मालुम् भयो . बहादूर साहुसंगका . रूपैयामा . निज साहुका छोरालाइ अदालतबाट पक्राइ ३ मैन्हास्म . कैद गराइ . जो . असुल् भयाको रूपैया बनारससम्म चलान् गरि . पठायाको हो तपाइसंग भेट नहुदा . फर्कि आयेछ . फेरि लालचन् साहु मार्फत् . हुंडी गरि रघुनाथदासका कोठिमा पठायाको छ हुंडि बमोजीम्का रूपैया लाठसाही २००१ रघुनाथदासका कोठिमा लिनुहोला . साहुसंग बाकि रह्यका रूपैया कार्तिक मंसीरसंममा . पु-याउला भनि भाषा गरि छोड्याको छ . अब सकस् गरि जो असुल् होला हुंडि गरि पठाउन्या काम होला . तुलसिपुरका राजाका सिपाहिलाई इष्ट मित्र जानि . तपाइका छोरो लगाइ विगुलको बोलि सिकाउन्या काम बढिया हो . बाकि तपाइहरूको र मेरो अघि पनि कौनै कुरामा अर्को तरह प-याको थियेन . यो सबै प्रारब्ध हो . तपाइहरूदेषी अर्को तरह भया आजको घरिमा तपाइको जाहान मध्येसबाट झिकाइ षाना लाउन बसनाको बन्दोबस्त गरि दिनुपर्न्या होइन आज तपाइका मुमालाइ श्रीग्यानेश्वरका घर वक्साइ . अरू तपाइका भाइ बिरादरहरूलाई . येक येक ठाउमा बस्न्या ठेगाना गरि एक मानु र एक कपडा लाउन्या बन्दोबस्त गरि दिन्या काम गर्‍यां . रणसेर साहलाइ कजाञी वक्सीस् भयो . मेरो जेठा छोरालाइ –१ का –२ तर्फका श्री मैंजा बक्सीस् हुंदा वीवाह भयो . ताहाका . कांछा वैन्ही मैंजा श्रीबडा चौतारि . साहेवसंग विवाह गर्छु मलाइ बक्सीस् हवस् भनि विति गर्‍याथ्यां . बुढेस् काल्मा मलाई पानी षुवाउनु . राष्याकि भनि वक्सीस् भयेन . फेरि —१ बाट मैले उनका छोरालाई . मैंजा दियां पछि तिमिले पनि मैंजा . मिनिष्टरलाई दिनुपर्छ भनि आफै पाउ लागी हुकुम् हुदा. हुकुम् . लंघन . गर्न नसक्दा . तांहाका . कांछा बैन्ही मैंजा वक्सनु भयो र . मैले . विवाह गर्‍यां अघि पनि . यकै घर जस्तो थियो विचमा षडवड फर्नाले . दुई घर जस्तो देषियाको थियो अब र यकै घर भयो कि भन्या झैमेरो चित्तमा लाग्छ ताहाको तजविजमा जस्तो ठहर्छ . तुलसिपुरका राजाका मैंजा—३ लाई ताहाबाट कन्यामागी विवाह भया म षुसि छु शुभम्—

(सं १९११)

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

१०. चार वर्ण छतिसै जातले रैकर जिल्ला जफ्ति जगा कमाउन्या र मठ सदावर्त गुठि तलप वितलप विर्ता वेष मरवट फिकढार . सर्वाक माफ भयाका जगा औ मयाउ मोहरिया माना चावल पेट खर्च छापरजवाधा घरवारी . किपट् सुनाविर्ता सेवा विर्ता चौधरिमान्या . रै रकम गैह्रका षेत पाषामा वसि कमाउन्या मोहिका दरवंदि ——

४३ मुरिदेषि माथि षेत र . पाषो स्मेत कमाउन्या हल पाटचाकोदाल्या ज्यासुकै भयापनि षेत मुरी १ को माना ३ का दरले जगी मुरी षेत कमायाको छ उति मुरि षेतको हिसाव गरि पुऱ्याउनु —— १

१ मुरिदेषि ४२ मुरिसम्म षेत र पाखो स्मेत कमाउन्या भया पनि पाषो मात्री कमाउन्या भयापनि हलपर १ के पाथि १३ पाटचा घर १ के पाथि १२को दरल्या घर १के पाथि ।८ का दरले पुऱ्याउनु —— २

षेत पाषो कमायाको पनि छैन . विर्ता वेष फिकढार पनि छैन. अरू थोक रोजी वन्द वेपार गरि षान्या घर १ के पाथि आठ ८ का दरले पुऱ्याउनु —— ३

विर्ता तलप वितलप सर्वाक माफ भयाको र सुना विर्ता. सेवा विर्ता वेष मरवट् फीकढार माना चावल मठ रज वाधा जगाको दरवन्दि——

आफ्नु जग्गा आफैले कमायाको छ भन्या . षेत कमाउन्याको माथि लेखीयाका दरवन्दि वमोजिम . मुलुक सरह पुऱ्याउनु . विर्ता षेतका आम्दानी षान्याले . षेतमुरि १को माना चार ४ का दरले जति षेत ठहर्छ उति षेतको हिसाव गरि पुऱ्याउनु —— ४

पाषा जगाको पैदावार आम्दानी षान्याले रुपैया १ को माना ४ का दरले जति रुपिया पैदाको जगा छ उति रुपियाको हिसाव गरि पुऱ्याउनु —— ५

षुंवु गोदाममा वुझाउन्या भाउको दरवन्दि

मोहरूं १ को चावल पाथि साढे चार	—।४।४
मोहरूं १ को च्यूरा पाथि साढे पांच	।५।४
ऐजन् १को फलुवा भुटचाको जौ पाथि साढे छ	।६।४
ऐजन् १ को उवा भुटचाको पाथि साढे छ	।६।४
ऐजन् १ को माष भुटचाको पाथि साढे पांच	।५।४
ऐजन् १ को फलुवा नभुटचाको कांचो कोदो पाथि सात	।७

गौडामा गयाका जागीरदारका घरमा .रसद वोकन सकन्या १२ वर्ष देषि उ भोका लोग्न्या मानिसहरू छैनन् भन्या जति सुकै षेत पाषा कमायाको भयापनि रसद पुऱ्याउनु पर्दैन–६

षेत पाषो कमायाको पनि छैन . विर्ता वेषफिकढार पनि छैन अरू थोक रोजी वन्द वेपार पनी छैन भन्या तेस्तार्

अथवा रसद वोकन्या लोग्न्या मानिस पनि घरमा कोही छैनन् भन्या तेस्तालाई लाग्दैन – ७
श्रीगोर्खा सर्कारवाट ल्हासाका टुंतारिन् अम्वालाई लेषि गयाको उप्रान्त हाम्रा पुरूषाहरूका वषतदेषि श्री ५ वादशाहका हकमा अघि देषि पनि हामीले आफ्नु धन ज्यू लगाई येकचगरि आफुहरूका अति सिक्ष्य वमोजिम कामकाज गर्दै थिञ्यू . आफूहरूका सल्लाह देषि वाहेक येक काम पनि हामीले केही गर्न्याको छैन . श्री ५ वादशाहका हजुरमा आज हामीले येकथोक लेषि चर्हाउन्या आफ्ना मनले अर्को थोक काम गर्न्या . हामी होइनौ चोरि ढांति लुकि कपट गरि काम गर्न्या यो दर्वार होइन हामीले फौज षजाना तयार गर्न्याको कुरा अघि आफुहरूलाई लेषि गयाका पत्रले जाहेर भै वुझनु भयाकै छ . भोटमा षजाना फौज हामीमाथि तयार भयो भन्या षवर सुनिन्छ . हामी माथि षजाना फौज किन तयार भयो १० सालका पौष मैन्हामा चर्हाई पठायाका अर्जिको आजसम्म जवाव कीन आयन अघि हाम्रा महाजन चावल ली केरूङ कृतिमा वेपार गर्न जान्याहरूले अघि घ्याङ्लुङ ५७ सालमा भयाका वन्दोवस्त नाघि येक फुरू जगात लिनु पर्न्यामा कैरुंग्याले ३ फुरू वढाई जगा लिन्छन् वेपार पनि अघिका वमोजिम गर्न दिदैनन् भनि आहा हामीसंग विति गर्न आउंदा येस्कुराको विस्तार आफुहरूसंग लेषि पठाउंदा आफुहरूवाट अघि घ्याङ्लुं ५७ सालमा भयाका थिति वमोजिमका कागजमा आफुहरूले सहि मोहर गरि पठाईदिनु . भयाको हो इ कुरा आफुहरूले ताहा दफदरमा हेर्नु भया जाहेरै होला . सोहि थिति भयामा त्यो थिति नमानि केरुंका भोटचाहरूले आजकाल दुई फुरू वढाइ . तिन फुरू जगात लिन लागी रह्याछन् . हाम्रा नेवार माहाजनहरूसंग जान्या . ढाक्रचाहरूले अघिका रित वमोजिम नेवारहरूसंग वेपार गरि सकि .भोटको राहदानि ली . नेपालतिर आयाका . ढाक्रचाहरूलाई सवै केरुंका . भटचा हुल उठि . हाम्रो येकौटि वेपार हुन्छ नेवारहरू पाउदैनन् . भनि थुन्या ढेवार भोटचा मिली ढाक्रचा वेपार हाम्रो हुन्छ भनि जवरजस्ति . वजारका भावमा . येक रूपियामा तिन् ४ माना नुन् घटाई दिन्छन् . जगात वाहेक भरिया पिछे ३ माना चावल लिन्छन् . ल्हासावाट दस्षत् गरि ल्याग्राको छ भनि . झुगाका ढेवाले वेपार गर्न जान्या ढाक्रचाहरू छेउ . जनहि १ मोहरको नुन् मसंग लिनुपर्छ अंत लिनु हुन्दैन भनि कर लगाई दाम लि वजारका भावमा . घटाई नुन् दिन्छन् . हाम्रा पूर्व तर्फका सिवानाको षुवु भन्या जगामा . भोटचाहरू भोट तर्फ . वेपार गर्न जान्या . सिकार जुङका ढेवालाई दस्तुर भनि मांडताल घ्यू भाराङ ८०१ मिर्गका छाला १०८ सुमसिषुरा भन्या चौरी १ दिन्पथ्यो . ढेवा हाम्रा तर्फ आउंदा चढन्या गोरू २ र गोरूका भारि ३७ ली आउदा . विना मजुरी वोकि दिन्थ्या. १ सये रुपियाको जिन्सी ढिसाली वेचिदिनु ढेवा फर्कि जादा. गोरूका भारि ६७ विना मजुरी वोकि जयना भन्या जगामा पुग्याईदिनु पर्या . अघिदेखिको रित हो . पछि अघिको रित छोडि ३।४ सये गोरूका भारि ल्याइ . विना मजुरि जवरजस्ति गरि वोकाउछन् . ढेवाले प्रजाको घ्यू चावल जिन्सीमालका भारि षोसि केहि दिन . येक हट्टी पनि गर्न्यो . १।२ हजारको जिन्सी लगाई दुष दिन लागीरहचा छन् १९०८ सालमा आउन्या ढेवा नेपा दोर्जेले . षुवुको छिन्यादो षान्यालाई . कृतिमान्या ज्यूधन्या भन्या भोटचा हाम्रा मुलुकको हो . आहा विजाई विछन गरि पछि भोटका मुलुकमा गयाको हो हाम्रा मुलुकमा आई चौपाया लुटी मानिसहरूलाई पनि दुष दिन्छ हाम्रा ल्हासामा रह्याका नेवार माहाजनहरूको साहु असामीसंग लिनदिनका कुरामा षाम्वालीले हाम्रा रैयत . ल्हासामा वम्पा.लाई . वाधि कोर्रा ठोकि . अन्याय गर्दा . अन्याय भयो भनि . नाइक्या स्मेत गै . भोटका अदालतका मालिकसंग फिराद गर्दा आफुहरूसंग विति गरि आफुहरूवाट हुकुम दिया वमोजिम गर्नु पर्न्या हो . आफनै षुसिले गोर्षाका महाजन नेवारहरू पनि हाम्रा रैयत होइनन् षाम्वाली पनि हाम्रा रैयत होइनन् जसो गरि वढिया हुन्छ सो गर भनि भोटक अदालतका मालिकले भन्दा हाम्रा नाइक्याले पहिले राजाले सासना गर्न्या साहुले गर्न हुन्दैन भनि भन्न पठाउंदा भन्न जान्या नेवार महाजनलाई पहिले षाम्वालीले मारिदिदा तक्रचार गरि मानिस मराई अर्ध्याली नाईक्या को हो भनि निकालन लगाया षाम्वालीका १ घरको . माल लुटियाको

हो . सो दाखिल गरि सक्या पछि अरू २घरको माल पनि दिनुपर्छ. भन्दा यस कुरामा हाम्रो चित्त बुझ्दैन भन्दा.सेठा काजिले यो झगडा छिन्नालाई दोसाधमा बसि निसाफ गरौला.तिमि हामि जाउ भनि वन्देज बाधी नाइक्यालाई. राहदानी . स्मेत मै. तवामा भन्या जगामा बस्याको थियो. सेठाकाजि आयनन् तेस्तै विचमा गुम्वाका २१ हजार वाडाको मालिक १०।१२ जना . मानिस स्मेत नाइक्या बस्याका ठाउमा आई छिरिसकिया .का कुरामा किन येसो गर्छौ भनि फुल्याउन . आउंदा सेठाकाजि पनि . निस्कि सक्या . हामी पनि निस्कि सक्यु . अब नेपाल जान्छौ . वाहिनिसाफ होला . भनि आउन लाग्दा हामीले भन्याको कुरा मानेनौ . भन्या हाम्रा . मुठि भित्रका माषा हौ . काहा जाउला भनि हाम्रा नाइक्याहरूलाई आगो पानि चया कसैले नदिनु . भागी नसिजावस् . चौकिवस्नु भनि नाइक्याहरूलाई हवकि गरि फेरी ल्हासामा गै तिनै २१ हजार वाडाका मालिकले जो रह्याको नेवार महाजन सबैलाई छेकि थुनि ठाउं ठाउंमा चौकि राखी आगो पानि बन्द गरि तिमिहरू षाम्वालीका अरू रूपिया दिन्छौ कि दिदैनौ . भन्दा . नेवार महाजनहरू . सबैले नाइक्यासंग नसाधी रुपिया दिन सक्तैनौ . भन्दा . नाइक्यासंग साधन पाउदौन . दिदैनौ भन्या २१ हजार वाडा छाडी . लुटपिट गराइ दिंछौ . भनि वल जफत गरि ६६६६।।। रुपिआ लिया . नाइक्याले राहादानी ली नेपाल आउंदा अधिका रित वमोजिम हुलाकमा भारी बोकाई ल्याउंदा भरियाले भारि भित्र राख्याको चांदिका भांडा र रुपिया तम्वुझिकि भित्रवाट झुत्रा झुम्रा हालि अडामा नपुगि विचमा भारि छोडि जांदा भरिया तिमिहरूको मानिस हो हराया को माल षोजि दिन्छौ कि दिदैनौ भनि झुगाका झुपुनलाई भन्दा षोजि ठेगानालाई दियेनन् नाइक्याले षाम्वालिको र नेवार महाजनको झगडा भयाका . सबै कुराको विस्तार लेषि . आहा नेपाल हाम्रा हजुरमा जिउनान् चाले . नेवारहरूले पठायाको चिठी किन् पुडु भन्या जगामा जिन्नांचा भन्या नेवारलाई . चार जना भोटले पाता फर्काई वाधि चिठि षोसि लताकपडा . आलमाल . षोसि लीया . येस्ता येस्ता वेजाई विदत धेरै छन् . इलेमियाका . येति येति कुराका वेजाई वेदत गर्याका पनि हामीले सह्याकै थियो . श्री ५ वादशाहका हुकुम वमोजिम . आपनु जिउधन लगाई रिझाउन सक्नुभन्या अब उप्रान्तदेषि येति येति कुराको वेनिसाफ हुन नपाउन्या वन्दोवस्त र अधि डिगर्चा लुट्ता खेरी गोर्षालिले पाउन्या दै दस्तुर जगा . भोटतिर लगाई दिनु भयाको थियो सो पनि पाउना थिइयू रिझाउन नसक्या पाउना थियेनौ . हुकुम वमोजिम गोर्षाले आउन पाया भन्या . श्री ५ वादशाहलाई रिझाउन्या छन् . रिझ भयो भन्या . हामीले गर्याका विदतको निसाफ हुन्या छ भनि मनमा . पाप चिताई नभयाका कुराको फरेव उठाई गोर्षालिले भोटसंग लडन लाग्यो भनि भोटका ठाउं ठाउंमा रह्याका कारिन्दाले लेषता . ठाउं ठाउंमा उर्दी गरि फौज तयार . गर्न लाग्दा आफुहरूलाई संका पर्न जांदा . श्री ५ वादशाहका हजुरमा चर्हाई पठायाको अर्जिको ११ मैन्हासम्म हामीले जवाव उत्तरा नपाउंदा र पछि वैशाष मैन्हामा आफुहरूलाई लेषि गयाको चिठीको र असार मैन्हामा ५ वर्षको मामुलि अर्जिसंगमा लेषि गयाका चिठीको पनि आजसम्म केहि जवाव उत्तरा नआउनाले जंगी असवाव रसद सिपाहि तयार गर्दा हाम्रा धेरै रूपिया वरवाद भयो . भोटले विचमा हामीले नचिताया का कुरा उठाई श्री ५ वादशाहका हजुरमा र आफुहरूसंग नभयाको विरोध पर्न्या कुरा . येहि हाम्रा धनको र नीसाफको नाम पाउन्या भन्या पछि हाम्रो येति नास भयाको वदला र विदत गर्याका कुराको निसाफ आफुहरूले भोटवाट दिलाई वन्दोवस्त गरि दिनु पर्ला . धेरै पल्ट वन्दोवस्त भयो धेरै पल्ट वन्दोवस्त उल्टीयो अब . येक पक्का वन्दोवस्त नभै चिठिपत्रका वन्दोवस्तले . हाम्रो चित्त वुझन्या छैन हामीलाई भोटले कुल्याहा ठहराया पछि भोटचाहरूले हाम्रो मुलुकमा वरोवर चेवा चर्चा र फौजको तयारी गर्न लाग्या पछि हामीलाई सान्है डर भयो . हाम्रा माहाजन रैयत गैह्रका मालमत्ता स्मेत पठाई दिनु हवस् . चित्त वुझाई दिनु होला अधिका वमोजिम हामि छदैछु चित्त वुझाई

दिनु भयेन भन्या जसो पर्ला सो वेहोरौला . आफुहरूका हिसावमा भोट र गोर्षा येकै हो ११ साल कार्तिक शुदि ८ रोज १ शुभम् —

लहासाका टुंतारिन् . अम्बावाट श्रीगोर्षा सर्कारके लेषि आयाको . यो साल ६ मैन्हाका ११ दिन जांदामा श्री ५ वादशाहवाट उत्तरा आई पुग्यो . गोर्षावाङ्ले चाहायाको अर्जिमा सिपाहि षटाई सिपाहिसंगै जाइ वैरिको भस्म गरौला भनि लेषियाको रहेछ गोहारदि भस्म गर्नु पर्दैन . साना मुलुकमा राजा भै जोदाना हुनाले मनसुवा गरि भाव गर्याको वढिया हो . तर चिन देशमा सानु मुलाले निदालमा उफ्र्या जस्तो मात्र हो अघिदेखि वाहिरिया देशका मानिसले गुहार गर्न आउन्या दस्तुर छैन टाढादेखि आउंदामा दुष पर्ला . चिन देशमा उपद्र गर्न्या कुल्याहाहरूलाई चिनका सिपाहिले औंलोमात्र देखाउंदा चांदै भस्म गर्न सकन्या छन् . तिमिले चह्रायाका अर्जिको नकल आहा संह्यार गरि राष्याको छ भनि हुकुम भै आयो. यो अर्जिको वेहोरा र अघि अघिका अर्जिको वेहोरा येकै होइन . नभया पनि अघिदेषि वादशाहका सरण पिछा पिछा परि रह्याको हुनाले षुसि भयाको छु सौगात चन्हाउन आउन्या भारादार पगरि चाकर वाकरहरू वाटामा पानि नमिल्दा २ पटकमा धेरै मर्न गया येस्माता सुषसित हिड्छन् र पनि मर्छन् सौगात चन्हाउन जान्या र लस्कर जान्यालाई सुष दुष कतिको फेर हुन्छ तेस्कारणले माया गर्याको हो . आफु वाङका सांधका राजाले थिचोमिचो गर्यो दौलत फौज पठाई दिनु ह्वस् भनि अघिका ताठिन्का पालामा लेषि आउंदा रितमा नहुंदा यो काम पनि भारा लीयेन वादशाहका अति शिक्षा मेहेर समझि अघिको रित मानु पर्छ . सिवानाका राजाहरूसंग मिलि जुलि रहनु . हाङ फोङ ४ साल ८ मैन्हाका १५ दिन जांदा—

(क्रमशः)

ऐतिहासिक पत्रस्तम्भ

श्री ।
श्री पशुपति
श्रीराम

श्री नायव श्री श्री श्री
मं महाराजधिराज मं मजङ्ग
देवनाम पृथ्वीनारायण
साह वहादुर समसेर

स्वस्ति श्रीगिरीराज चक्र चुडामणी नर नारायण इत्यादि विविध विरुधावलि विराजमान मनमन्त श्रीमान महाराजधिराज श्री श्री श्री महाराज पृथ्वी नर नारायणी साहा वहादुर सम्सेर जंग देवनाम समर विजेय नाम स्वस्तिश्री आगे राजभरका समर्थ श्री श्री सुनराई . श्री . कुम्भ राइ श्री जङ्गराई अरू सवै गैरह लिम्वु राइके पुर्ण मोहर पत्रम् यथोचित उप्रान्त मिलमिलाम्ताम यहाँको लागी त्यहाँको कुशोल चाहियो मेरो मन धर्ममा भलो छ तिमीहरू हिजु पनि पिछा वक्सेको हुँ तिम्रा मुलुक हाम्रा प्रतापले तिमी तुतु तुमयाङ्हाङ् यहाङ्ग सन्तान हौ र त्यो मुलुक हाम्रो भयो तापनि तिमीहरू हाम्रै छौ तिम्रा जहानका पिछा हामीले लियौ . जो जस्को जे जे तिम्रा खायेन पायेन र लुङ्वाङ् गढ् सिङ्वाङ् गढ् आसुधलाई रुव खतपात सभासुध गरि खानामा हिजुको तिम्रा मुलुकभित्रको सवै थामी वक्स्यौं तिमीहरू भारदारसंग सामेल रह्यौं र मदत संगाइ हिजो आफै आफ अपुङ्गी वसी आए वमोजिम् त्यो मुलुक सम्भार गरि जिमी भूमि रहन्जेल तिम्रा शाखा सन्तानतक भोग्ये गर अरू नौ लाख एकपट्टि तिमिहरू हौन के अर्थले भने अरू राजा मासिने हुंदा तिमीहरू राजा नै हौ भन्ने नमासिने हौ यो तिमीहरूको निम्ति हामीले जानेको छ कुराको विस्तार तिम्रा नाभिमा बसेकोले तिनले गर्‍यो सुखिमको र हाम्रो घर नभएको हो हाम्रो भलो मानिस र चौधरीको वोल कुरा गरि गएको छ उनैवाट कुराको विस्तर बुझौला मिली तिमीहरूको आफै आफ अपुङ्गी खायेन पायेन माथि लेखिए वमोजिम जीमि भूमि जानी चलान गरि खानु हामीले खोस्ती मासेमा मानि पुजि ल्याएको देवताले हाम्रो राज काज भङ नाश होस् भन्या तामा पत्र वाचाको तसल्ली मुलुकी लालमोहर वांधी माथि लेखिएको लिम्वु कुल भाइलाई दियौं इति संम्वत १८३१ साल मिति श्रावण सुधी २२ रोज २ वार मुकाम कान्तीपुर राजधानी शुभम्——

ABOUT THE AUTHORS

Prof. Chiara Silvi Antonini	-Istituto Universitario Orientale, Neples, Italy.
Dr. Glovanni Verardi	-Universita' Di Bolagna, Italy.
Mr. Corneille Jest	-Anthropologist and UNESCO consultant.
Mr. Gyan Mani Nepal	-Research Scholar, Nepal.

'प्राचीन नेपाल' का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, नृतत्त्वशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ। तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ। रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ। प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:-

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.